द.नं. ९०/०६१/६२ पान नं.: ३०१८९२६२३

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

**Bhaktapur District Saving & Credit Co-operative Union Ltd.**

सुर्यविनायक न.पा.-५, भक्तपुर

२०६२

चलानी नं.: ८४/०७३/७४ मिति: २०७३/०७/२६

श्रीमान् अध्यक्षज्यू

............................ बचत तथा ऋण सहकारी संस्था लि.

........................., भक्तपुर

**विषय : साधारण सभामा उपस्थित हुने बारे ।**

प्रस्तुत विषयममा यस संघको संचालक समितिको मिति २०७३ कार्त्तिक ५ गते बसेको बैठकको निर्णय अनुसार बाह्रौं बार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा हुने सहर्ष जानकारी गराउँदछु । सो सभामा त्यस संस्थाबाट एकजना प्रतिनिधिको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु । साविकको प्रतिनिधि बाहेक अर्को प्रतिनिधि पठाउने भएमा सञ्चालक समितिबाट निर्णय गरी पठाउनुहुन हार्दिक अनुरोध गर्दछु ।

**छलफलका विषयहरु :–**

१) आ.व. २०७२/०७३ को वार्षिक प्रगति प्रतिवेदन र आ.व. २०७३/०७४ को प्रस्तावित कार्यक्रमहरु,

२) आ.व. २०७२/०७३ को आर्थिक प्रगति प्रतिवेदन र आ.व.२०७३/०७४ को अनुमानित बजेट,

३) आ.व.२०७२/०७३ को लेखा सुपरिवेक्षण प्रतिवेदन,

४) आ.व.२०७२/०७३ को लेखा परीक्षण प्रतिवेदन,

५) आ.व.२०७३/०७४ को लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने,

६) लाभांश प्रस्ताव

७) निर्वाचन निर्देशिका २०७३

८) विविध




**कार्यक्रम :–**

मिति : २०७३ मंसिर ११ गते, शनिवार

समय : विहान ७:३० बजे

स्थान : तलेजु बैंक्वेट, राममन्दिर, भक्तपुर

**नोट :**

१) त्यस संस्थाको आ.ब. २०७३/०७४ सम्मको संघको सदस्यता शुल्क तथा २०७३ कार्त्तिक मसान्तसम्मको नियमित बचत २०७३ मंसिर ७ गतेभित्र बुझाउनु हुन अनुरोध गर्दछ । उक्त साधारण सभामा सहभागिताको लागि नियमित बचत र सदस्यता शुल्क अनिवार्य रुपमा बुझाइ सक्नुपर्ने छ ।

H.Balla

**हरि बल्ल**

(सचिव)

# अध्यक्षको मन्तव्य

संघको बाह्रौं वार्षिक साधारण सभामा सम्पूर्ण सहकारी कर्मीहरु प्रति हार्दिक स्वागत तथा कृतज्ञता जाहेर गर्दछ । संघको स्थापनाकालदेखि "संघका लागि संस्था, संस्थाका लागि संघ"भन्ने मुख्य नाराका साथ अगाडी बढिरहेको छ । संघको १०/११ वर्षको कार्यकालमा विशेषगरी आवश्यक संस्थाहरुको क्षमता विकास गर्ने र वित्तीय क्षमता बढाउने लगायत सहकारी, संघ संस्थाहरुबीच समन्वयकारी भूमिका खेलेको छ । संघको सेवा, सुविधा र भूमिकामा समय सापेक्ष परिस्कृत एवं परिमार्जन गर्ने कार्यमा क्रियाशील रहेको छ ।



**राधेश्याम सुवाल**

*अध्यक्ष*

संघमा आवद्ध सदस्य संस्थाहरुको प्राविधिक क्षमता विकासका साथै संस्थाको नीतिगत सुधार गरी कार्य सम्पादनमा चुस्त र दुरुस्त बनाउन आवश्यक छ । जस्को लागि संघले संस्थाहरु अवलोकन निरीक्षण गर्ने, कमीकमजोरीहरुलाई सुधार्न राय, सुझाव दिने तथा संस्थाका संचालक पदाधिकारीहरुलाई जिम्मेवारी बोध गराउन क्रियाशील हुनुपर्ने देखिन्छ ।

संघले हालसम्म गरी आएको कार्य क्षेत्रमा अझ बिस्तार गर्नुपर्ने महसुश गरेको छ । जस अनुसार तालिम व्यवस्थापनलाई संघको वार्षिक कार्यमा मात्र सिमित नराखी सदस्य संस्थाहरुको आवश्यकताको आधारमा तालिम प्रदान गरी दक्ष र सक्षम सहकारी नेतृत्व विकासका लागि संघले व्यवस्थापन गरेको छ ।

सहकारी क्षेत्रमा देखिएका विकृती र विसंगतीलाई नियन्त्रण गर्ने नाउँमा व्यवस्थित र मर्यादित ढंगबाट संचालनमा रहेको समुदायमा आधारित सहकारी संस्थाहरुलाई हत्तोसोहित एवं निरुत्साहित गर्नु भन्दा सुरक्षित एवं व्यवस्थित रुपमा व्यवसायिकता तर्फ दोहऱ्याउन सकिने ढंगबाट प्रस्तावित सहकारी ऐन २०७३ पारित गर्न गराउँन सम्बन्धित निकायहरुको ध्यान जानुपर्ने देखिन्छ ।

जय सहकारी ॥

# प्रतिबद्धता



बालकृष्ण धोजू
व्यवस्थापक

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरुको सम्बर्द्धन तथा प्रबर्द्धनको लागि स्थापित जिल्लाको एक मात्र छाता संघ हो । स्थापना कालदेखि संघले आत्मनिर्भतालाई जोड दिदैं सदस्य संस्थाको वित्तीय तथा संस्थागत विकासमा सहयोग पुऱ्याउदैं आएको छ। बचत तथा ऋण सहकारी संस्थाहरुको व्यवसायिक तथा संस्थागत विकासका लागि नेतृत्वदायी अभियान रहेको यस संघको परिकल्पनालाई साकार पार्न व्यवस्थापन पक्ष प्रतिवद्धछौं ।

संघको दिगो विकास र निरन्तरताका लागि संघले निरन्तर तालिमलाई जोड दिएको छ। तालिममा संघ आत्मनिर्भर रहन तालिमका पाठ्यक्रम एवं जनशक्ति विकासमा हामी कटिवद्ध छौं । संघले तय गरेका सेवा सुविधाहरु प्रभावकारी एवं रचनात्मक ढंगबाट सदस्य संस्थालाई पुऱ्याउनेछौं । संघ संस्थामा मानव स्रोत साधनको उच्च मनोबलबाट मात्र सहकारीको लक्ष्य हासिल गर्न सकिन्छ ।

सहकारीको गुणात्मक विकासका लागि दक्ष मानव स्रोत साधनको आवश्यकता पर्दछ । सुरक्षीत रोजगारी क्षेत्रको प्रत्याभुतीबाट मात्र दक्ष जनशक्तिको आशा गर्न सकिने भएकोले प्रस्तावित सहकारी ऐनमा मानव स्रोत साधनको व्यवस्था हुनुपर्ने देखिन्छ । तर प्रस्तावित सहकारी ऐन मानव स्रोत साधनको विषयमा मौन देखिन्छ। तसर्थ सहकारी संघ संस्थाले यस विषयमा ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । सहकारी संघ संस्थामा देखिएका समस्याहरुको समाधानलाई सम्बोधन हुने ऐन पारितका लागि ऐक्यबद्धा जाहेर गर्दछौं ।

# प्रगति प्रतिवेदन तथा प्रस्तावित कार्यक्रमहरु



हरि बल्ल
सचिव

सभाध्यक्ष महोदय,

प्रमुख अतिथि, अतिथि, साधारण सभामा पाल्नुभएका प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरु, पत्रकारबन्धुहरु तथा शुभेच्छुक महानुभावहरु ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघको १२ औं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण महानुभावहरुमा सहकारी अभिवादन । यस संघको आ.व. २०७२।०७३ को वार्षिक प्रगति प्रतिवेदन तथा चालु आ.व. २०७३।७४ को प्रस्तावित कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुशी लागिरहेको छ ।

नेपालको सहकारी आन्दोलनको इतिहासले ५९ औं बसन्त पार गरिसकेको छ । सहकारी ऐन २०४८ जारी भएको पनि २५ बर्ष नाघिसकेको छ । २५ बर्षको अन्तरालमा ३३ हजार सहकारी संस्थाको दर्ता एवम् संचालनमा आएको छ । नेपालको कुल वित्तीय कारोवारमा २१ प्रतिशत योगदान सहकारी क्षेत्रले पुर्‍याउन सक्षम रहेको छ । सहकारी मन्त्रालय गठन र राष्ट्रिय सहकारी नीति तर्जुमा गर्न सफल भएको छ ।

सहकारी ऐन २०४८ जारी भएको अवस्थाको सहकारी आन्दोलन र हालको सहकारी आन्दोलनमा धेरै भिन्नता आइसकेको छ । समयानुकूल सहकारी ऐनको संशोधन र परिमार्जन हुन नसक्दा सहकारी आन्दोलनमा विकृति बढ्दो छ । विकृतिलाई रोक्ने र नियन्त्रण गर्ने ऐनको अभावमा जनमानसमा सहकारी प्रति नै विश्वास गुम्दै जाने सम्भावना बढ्दै गएको छ । विशेष गरी बचत तथा ऋण सहकारीमा देखिएको विकृतिको समाधान ऐन मार्फत नै हुनुपर्दछ । सहकारीको अन्तर्राष्ट्रिय मुल्यमान्यता र सिद्धान्त बमोजिम सहकारीलाई अगाडी बढाउन समय सापेक्ष दिगो ऐनको तड्कारो आवश्यकता छ । राज्यले सहकारी मन्त्रालय मार्फत सहकारी संस्था, संघ वा बैंकको गठन, संचालन तथा नियमन सम्बन्धी कानुनलाई संशोधन र एकिकरण गर्न विधेयक तयार भइसकेको छ ।

प्रस्तावित सहकारी ऐन समुदायमा आधारित सहकारी संस्थाको लागि उपयुक्त रहेता पनि निश्चित व्यक्तिहरुको स्वार्थलाई बल पुग्ने ढंगले सहकारी आन्दोलनमा संलग्न व्यक्तिहरुबाट प्रस्तावित ऐनको विरोध भइरहेको छ । प्रस्तावित सहकारी ऐनमा राम्रो पक्ष हुँदा हुँदै पनि ऐन पास हुन नदिने दुष्प्रयाशहरु भइरहेको देखिन्छ । अभियानले प्रस्तावित सहकारी ऐनका बारेमा सहकारीकर्मी र जनमानसमा सही जानकारी गराई ऐन पास गर्नमा भूमिका खेल्नुपर्दछ ।

समुदायमा आधारित सहकारी संस्थाहरुको सबलिकरणको लागि कर छुटका सवालमा सबै सहकारी अभियानकर्ताहरुको सशक्त भुमिका रहनुपर्दछ । साथै संघ संस्थाको स्थायित्वका लागि सहकारीको तहगत सांगठनिक ढाँचालाई सुधार गर्ने तर्फ पनि अभियानकर्ताहरुले आवाज उठाउनु पर्दछ। सहकारीको समग्र विकासमा संघहरुको भुमिकालाई ऐनमै व्यवस्था गर्नुपर्दछ । यस संघले विधेयकको समर्थन गर्दै १२ औं स्थापना दिवस कार्यक्रममा सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव शंकर प्रसाद अधिकारीलाई सुझाव पेश गरेको छ। प्रस्तावित सहकारी ऐनलाई उत्कृष्ट ऐन बनाउन ऐच्छिक बचत स्विकार गर्नुपर्ने, १६ वर्ष पुरा गरिसकेकाले सहकारीमा सदस्यता लिन सकिने, संस्था दर्ता भएको ६ महिना भित्रमा सम्बन्धित संघमा आबद्ध हुनुपर्ने, सहकारी संस्था ठाउँ र परिवेश अनुसार सञ्चालन गर्नु पर्ने भएकोले व्याज दरका वारेमा बन्देज गर्न नहुने, ऋण व्यवस्थापन शुल्क १ प्रतिशत भन्दा बढी नहुने गरी लिन सकिने, प्रारम्भिक सहकारी संस्थाले जिल्ला संघमा सदस्यता लिँदा अनिवार्य रुपमा शेयर खरिद गर्नुपर्ने, सहकारी संस्थाले शेयर पूँजीको दश गुणासम्म मात्र बचत संकलन गर्न सक्ने र संरक्षित पुँजी फिर्ता कोषमा बढीमा १० प्रतिशत मात्र छुट्याउनु पर्ने सुझावहरु कार्यान्वयन हुनुपर्दछ ।

सहकारी ऐन सहकारी क्षेत्रको लागि हो भन्ने भावनाको विकास गरी सम्पूर्ण सहकारी अभियन्ताहरु एक जुट र एक मत भई ऐन जारी गर्न गराउनमा सकारात्मक सोचका साथ सहयोग गर्नुपर्ने देखिन्छ ।

**भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघको आ.व. २०७२।०७३ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

## १. साधारण सभाको समिक्षा

संघको एघारौं वार्षिक साधारण सभा मिति २०७२ मंसिर १९ गते तलेजु बैंक्वेट, राममन्दिरमा सहकारी तथा गरिवीनिवारण मन्त्रालयका सहसचिव सुदर्शन प्रसाद ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको यहाँहरुलाई सर्वविदितै छ ।

## २. सदस्यता

समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरुको साझा संगठनको रुपमा अगाडी बढीरहेको यस संघले ऐच्छिक तथा खुल्ला सिद्धान्तलाई अंगिकार गरी समुदायमा आधारित भई सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप संचालनको सुनिश्चिततालाई कायम राखीएका आवेदक संस्थाहरुको स्थलगत निरिक्षण पश्चात सदस्यता प्रदान गर्दै आईरहेको व्यहोरा जानकारी गराउँदछु । आ.व. २०७१/०७२ मा १६८ वटा सदस्य संस्था रहेकोमा यस आ.व. मा देहाय ७ वटा थप भई जम्मा १७५ वटा सदस्य संख्या पुगेको जानकारी गराउँदछु । हालसम्ममा १७८ वटा संस्थाले सदस्यता लिइसकेको जानकारी गराउँदछु ।

## सदस्यता (Membership)

| क्र.सं. | संस्थाको नाम | ठेगाना | सदस्यता प्रदान मिति |
|---|---|---|---|
| १ | शरद साकोस | जगाती–२, भक्तपुर | २०७२।५।२३ |
| २ | जन कल्याण साकोस | लोकन्थली–१६, भक्तपुर | २०७२।६।६ |
| ३ | कमलविनायक साकोस | कमलविनायक–४, भक्तपुर | २०७२।१०।६ |
| ४ | नःपुखु साकोस | इताछें– १५, भक्तपुर | २०७२।१०।८ |
| ५ | बिश्वविनायक साकोस | मध्यपुरथिमी–८, भक्तपुर | २०७२।११।६ |
| ६ | शुभदीप साकोस | देगइना–२, भक्तपुर | २०७३।१।१५ |
| ७ | गाम्चा साकोस | दधिकोट–६, भक्तपुर | २०७३।३।१० |

## ३. वित्तीय प्रगति

संघको वित्तीय प्रगति सम्बन्धमा कोषाध्यक्षको विस्तृत आर्थिक प्रतिवेदनबाट यहाँहरुले जानकारी पाउनु हुनेछ । तसर्थ म संक्षेपमा वित्तीय प्रगतिबारे समिक्षा गर्न अनुमति चाहन्छु । २०७१/०७२ असारसम्ममा कुल वासलात रकम रु. २७,८४,६६,८३८।२३ (२७ करोड ८४ लाख ६६ हजार ८ सय ३८ रुपैंया २३ पैसा मात्र) रहेकोमा आ.व. २०७२।०७३ असारसम्ममा रु. ३५,५६,६७,२६२।६० (३५ करोड ५६ लाख ६७ हजार २ सय ६२ रुपैंया ६० पैसा मात्र) पु¥याउन सफल भएको छ । कूल आम्दानी रु. २,४७,८३,४०८।५५ (२ करोड ४७ लाख ८३ हजार ४ सय ८ रुपैंया ५५ पैसा मात्र) कूल खर्च रु.१,९१,९३,०९०।४३ (१ करोड ९१ लाख ९३ हजार ९० रुपैया ४३ पैसा मात्र) खर्च भई कूल बचत रु. ५५,९०,३१८।१२ (५५ लाख ९० हजार ३ सय १८ रुपैंया १२ पैंसा मात्र) रहेको छ ।

## ४. तालिम तथा कार्यक्रम

संघको प्रमुख सेवा तालिम तथा शिक्षा कार्यक्रम हो । सदस्य संस्थाहरुको संस्थागत तथा व्यवसायिकता विकास हुने तालिम तथा कार्यक्रमहरु गरिँदै आइरहेको यहाँहरुलाई सर्वविदितै छ। आ.व. २०७२।०७३ मा देहायका तालिम तथा कार्यक्रमहरु सम्पन्न गरेको छ ।

क) संघको आयोजनामा मिति २०७२ माघ १६ गते सहकारी अभिमुखीकरण तालिम प्रदान गरियो । सो कार्यक्रममा ४२ जना सहभागीहरु उपस्थिति रहेको थियो ।

ख) संस्थागत विकास उपसमितिको आयोजनामा मिति २०७३ माघ ८ र ९ गते संस्थागत विकास तालिमको अन्तिम चरण चेतना केन्द्र, बुडोलमा सम्पन्न भयो । सो तालिममा ५७ जनाको उपस्थिति रह्यो ।

ग) महिला सशक्तिकरण उपसमितिको आयोजनामा मिति २०७२ माघ १६ गते नतिजामुखी तालिमको आयोजना तथा व्यवस्थापन विषयक एक दिने कार्यशाला गोष्ठी सिद्धि गणेश तालिम हलमा सम्पन्न भयो । सो गोष्ठीमा ४७ जनाको सहभागिता रह्यो ।

घ) बित्तीय सेवा प्रवर्द्धन उपसमितिको आयोजनामा मिति २०७२ फागुण १४ गते लघुबित्त अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा १२ जनाको सहभागिता रह्यो ।

ङ) बित्तीय सेवा प्रवर्द्धन उपसमितिको आयोजनामा मिति २०७२ फागुण २२ गतेदेखि २४ गते र मिति २०७३

चैत्र ७ गतेदेखि ९ गतेसम्म दुई समूहमा उच्च स्तरीय लेखा तालिम सम्पन्न भयो । उक्त कार्यक्रममा ५३ जनाको सहभागीता रह्यो ।

च) संस्थागत विकास उपसमितिको आयोजनामा मिति २०७२ चैत्र २ गते सिद्धि गणेश तालिम हल र मिति २०७२ चैत्र ५ गते यचु पार्टी भेन्यू, शंखधरचोकमा अन्तर सदस्य सेवा सुविधा जानकारीमूलक अर्न्तक्रिया कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा ७९ जनाको सहभागिता रह्यो ।

छ) राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा मिति २०७२ चैत्र २० गते प्रभातफेरी कार्यक्रम सम्पन्न भयो ।

ज) २०७३ बैशाख २१ गते संघको बाह्रौं स्थापना दिवस सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव शंकर प्रसाद अधिकारीको प्रमुख आतिथ्यतामा तलेजू बैंक्वेट, राममन्दिरमा सम्पन्न भयो । सो कार्यक्रममा १०९ जनाको सहभागिता रह्यो ।

झ) बित्तीय सेवा प्रवर्द्धन उपसमितिको आयोजनामा मिति २०७३ बैशाख २५ गतेदेखि २६ गते सम्म र मिति २०७३ जेठ १५ गतेदेखि १६ गतेसम्म दुई समूहमा ऋण व्यवस्थापन तालिम सम्पन्न भयो । सो तालिममा ५८ जनाको सहभागिता रहेको थियो ।

ञ) बित्तीय सेवा प्रवर्द्धन उपसमितिको आयोजनामा मिति २०७३ जेठ १७ गतेदेखि २९ गतेसम्म उच्च स्तरको एक्सेल तालिम बाराही साकोसको हलमा सम्पन्न भयो । सो तालिममा १४ जनाको सहभागिता रहेको थियो ।

ट) संस्थागत विकास उपसमितिको आयोजनामा मिति २०७३ असार ४ गते नयाँ समूहको संस्थागत विकास तालिमका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा २७ जनाको उपस्थिति रह्यो ।

ठ) महिला सशक्तिकरण उपसमितिको आयोजनामा मिति २०७३ असार १७ गते सहकारी क्षेत्रमा बजेट २०७३ र आर्थिक विद्येयक २०७३ ले गरेका व्यवस्थाहरु विषयक जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो । सो कार्यक्रममा ५३ जनाको सहभागिता रहेको थियो ।

ड) लेखा समितिको आयोजनामा मिति २०७३ असार २७ गते साकोसमा लेखा समितिको भूमिका विषयक कार्यशाला गोष्ठी तलेजू बैंक्वेटमा सम्पन्न भयो । सो गोष्ठीमा ६३ जनाको सहभागिता रह्यो ।

## ५. कार्यालय संचालन तथा व्यवस्थापन

कार्यालय समय बिहान १०:०० बजे देखि बेलुकी ५:०० बजेसम्म  सार्वजनिक विदा बाहेक हरेक दिन कार्यालय संचालन गर्दै आइरहेका छौं । कार्यालयको दैनिक प्रशासन सहजताको लागि कार्यविभाजन सहितको दरबन्दी सृजना गरी व्यवस्थापक सहित ४ जना कर्मचारीहरु व्यवस्थापन गरिएको छ ।

## ६. सहभागिता

सदस्य संस्थाहरुको साधारण सभामा संघको प्रतिनिधित्व अनुसुची पेज नं. ३८ मा प्रस्तुत गरिएको छ ।

## ७. सूचना तथा प्रकाशन

आमजनमानस र सदस्य संस्थाहरुमा छिटो छरितो तरिकाले संघ र माथिल्लो संघका सूचना सम्प्रेशन गर्न आधुनिक संचारका माध्यम ईमेल, फेसबुक र वेवसाइटका साथै पत्रपत्रिकाहरुको उपयोग गर्दै भक्तपुर एफ.एम. १०५.४ मेघाहर्जमा रेडियो कार्यक्रम "सहकार्य" हरेक हप्ता मंगलबार विहान ८ बजे देखि ९ बजेसम्म संचालनमा गरिएको छ । यस कार्यक्रमलाई प्रभावकारी बनाउन रेडियो जनसंचार एफ.एम. १०७.९ मेघाहर्जमा प्रशारण गर्ने गृहकार्य भइरहेको छ । संघ एवम् सदस्य संस्थाहरुको गतिविधिहरुलाई प्रोत्साहीत गर्ने उद्देश्यका साथ बर्ष ९ अंक ११ भाद्र अंक को सहकार्य बुलेटीन प्रकाशन गरेको कुरा अवगत गराउँदछु ।

संघको आर्थिक एवम् अन्य गतिविधिहरुलाई सदस्यमाझ पारदर्शिताको लागि वार्षिक प्रगति प्रतिवेदन प्रकाशित गर्दै आईरहेको छ ।

### ८. बैठक संख्याः

आ.व. २०७२।०७३ मा समिति उपसमितिको बैठक निम्न अनुसार भएको छ ।

**बैठकहरू**

| | |
|---|---|
| १. सञ्चालक समिति | – १५ पटक |
| २. लेखा समिति | – ५ पटक |
| ३. संस्थागत विकास उपसमिति | – ८ पटक |
| ४. वित्तीय सेवा प्रवर्द्धन उपसमिति | – २१ पटक |
| ५. सदस्यता उपसमिति | – ५ पटक |
| ६. प्रकाशन उपसमिति | – १ पटक |
| ७. महिला शसक्तिकरण उपसमिति | – ६ पटक |
| ८. सहकारी समन्यय उपसमिति | – २ पटक |
| ९. तालिम व्यवस्थापन उपसमिति | – २ पटक |

### ९. नीतिगत व्यवस्था

क) संघको सदस्य संस्थाहरुको अन्तर लगानी कार्यक्रमलाई थप प्रभावकारी बनाउन संघको कुल वासलात अंकको ५% बराबर रकम एउटै संस्थालाई लगानी गर्न सकिने गरी ऋण लगानीको सिमा बढाएको छ ।

ख) संघमा माग भएका तालिमहरुको व्यवस्थापन र तालिम कार्यक्रमको पाठ्यक्रम विकास र प्रवर्द्धन गर्ने उद्देश्यले संचालक चण्डिका छुकांको संयोजकत्वमा तीन सदस्य तालिम व्यवस्थापन उपसमिति गठन गरिएको छ ।

### १०. कार्यक्रममा सहभागीता

विभिन्न संघ/संस्थाद्वारा आयोजित कार्यक्रमहरुमा संघको सहभागीताको अनुसुची पेज नं. ४३ मा प्रस्तुत गरिएको छ ।

### ११. अन्तराष्ट्रिय सहभागिता

संघले सहकारीका राष्ट्रिय अन्तराष्ट्रिय कार्यक्रममा सहभागिता जनाउँदै आइरहेको छ ।

### १२. लाभांश प्रस्ताव

संघको आर्थिक कारोबारको आधारमा आ.व. २०७२।०७३ को कुल नाफालाई विनियममा व्यवस्था भए बमोजिम कोष बाँडफाँड गरि लाभांश कोषको रकमबाट १५ प्रतिशत लाभांश प्रदान गर्ने संचालक समितिको निर्णय प्रस्ताव पारितका लागि यस सभामा पेश गर्दछु ।

### १३. भावी कार्यकमहरू

संघको आ.व. २०७३/०७४ को भावी कार्यक्रमहरुको अनुसुची पेज नं. ४५ मा प्रस्तुत गरिएको छ ।

**१४. त्रिवर्षिय व्यवसायिक योजनाः**

संघको उद्देश्य प्राप्तिका लागि आ.व. २०७३/०७४ देखि आ.व. २०७५/०७६ सम्ममा गरिने भावी कार्यक्रमको मार्ग चित्र तयार गरी परिणाम उन्मुख दिशा निर्देशनका लागि अनुसूची पेज नं. ४७ बमोजिम त्रिवर्षिय व्यवसायिक योजना अनुमोदनको लागि पेश गरिएको छ ।

**१५. विनियम संशोधन प्रस्ताव**

संघले एघारौं बार्षिक साधारण सभामा डिभिजनको सहमतीमा पेश भएको विनियम संशोधन प्रस्ताव स्विकृतका लागि पेश गर्दा साधारण सभाको निर्णयबाट नै लागु गर्न सकिने क्षेत्र अधिकार रहेको कारण देखाई डिभिजन सहकारी कार्यालय भक्तपुरले स्विकृती गरेको छैन ।

**१६. निर्वाचन निर्देशिका २०७३**

संघको निर्वाचन कार्यलाई व्यवस्थित गर्न अनुसुची पेज नं. ५० बमोजिम निर्वाचन निर्देशिका २०७३ पारितको लागि पेश गरिएको छ ।

**१७. जग्गा खरिद**

संघको दिगो विकास र स्थायित्वका लागि बहुउद्देश्यीय भवन निर्माण गर्न कार्यविधी बनाई जग्गा खरिद गर्न संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पेश गरिन्छ ।

अन्त्यमा बाह्रौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएका आ.व. २०७२।०७३ को प्रगति प्रतिवेदन तथा आ.व. २०७३।०७४ को प्रस्तावित कार्यक्रम माथि छलफल गरी पारित गरिने विश्वासका साथ विदा हुन्छु ।

जय सहकारी ॥

# आर्थिक प्रगति तथा अनुमानित बजेट



**कृष्णगोविन्द लाखाजु**
कोषाध्यक्ष

सर्वप्रथम यस संघको बाह्रौं साधारण सभाका सभाध्यक्ष, प्रमुख अतिथि, विशेष अतिथि, अतिथि, प्रतिनिधी, पत्रकारबन्धुहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक अभिवादन । यस संघको कोषाध्यक्षको हैसियतले यस साधारण सभामा वित्तीय प्रगति विवरण र अनुमानित बजेट प्रस्तुत गर्न पाउँदा खुशि लागेको छ ।

देशमा राजनैतिक परिवर्तन संगै नेपालको संविधान २०७२ जारी भएको अवस्था छ । उक्त सविधानको दफा ५१ मा राज्यले अवलम्वन गर्ने नीतिहरु मध्ये अर्थ, उद्योग र वाणिज्य सम्वन्धी नीतिमा "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने र सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने" उल्लेख भएबाट राज्यले सहकारीलाई प्राथमिकता दिन खोजिएको देखिन्छ । सविधानको अनुसूचीमा सहकारीलाई स्थानीय, प्रदेश र संघमा समावेश गरिएको छ । नयाँ सहकारी ऐनको बारेमा पनि चर्चा छ । यस वारेमा विभिन्न तहमा छलफल भैरहको छ । हामी समुदायमा आधारित रहि सञ्चालन हुने सहकारी संघ संस्थाहरुलाई राज्यले प्रोत्साहन गर्नु पर्ने र सहकारीको नाममा ठगी गर्नेहरुलाई कडाकार्वाही हुने खालको कानून ल्याउनु पर्छ भन्ने पक्षमा छौं ।

सहकारी क्षेत्रमा हामी बचत तथा ऋण वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुको भुमिकामा छौं । अन्य सहकारी भन्दा बचत तथा ऋणको कारोवार गर्ने संस्थाहरुको उपस्थिति बढी छ। सहकारीले देशको अर्थतन्त्रमा थप योगदान पुऱ्याएको छ। वित्तीय सहकारीको पहुँच गाउँ बस्ती सम्म पुगेको छ । सदस्यहरुले सुलभ तरिकाले ऋण प्राप्त गरी आ–आफ्नो व्यापार व्यवसाय बढाउन पाएका छन् । रोजगारीका अवसर पाएका छन् । शिक्षा, तालीम सदस्यहरुले पाईरहेका छन् । सहकारी मूल्य मान्यतामा नचल्ने केहि सहकारी संस्थाहरुले वाहेक बचतको माध्यमबाट आयमुलक र शिपमुलक तालीम तथा कृषि उत्पादन र जनस्वास्थ्य जस्ता क्षेत्रमा पनि सेवा पुऱ्याइएका छन् ।

बचत तथा ऋण सहकारी संस्थाहरुमा केहि संस्थाहरुको गैर सहकारी क्रियाकलापको कारणले देखापरेका विकृतिलाई नियन्त्रणमा ल्याई सहकारी मूल्य मान्यतामा संचालित सहकारी

संस्थाहरुले प्रोत्साहन पाउने हो, भने समुदायमा आधारित सहकारी संस्थाहरुको प्रबर्द्धन त हुन्छ नै, सहकारी मार्फत सामाजिक तथा आर्थिक रुपान्तरण गर्न समेत टेवा पुग्ने हाम्रो ठहर छ। सहकारी संघ संस्थाहरुमा संचित रहेको बचत तथा कोषहरुलाई उत्पादन मूलक कार्यमा लगानी गर्न सक्यो भने राष्ट्रकै अर्थतन्त्रमा थप टेवा मिल्न सक्छ। सहकारी सम्वन्धी जारी मापदण्डको आधारमा पनि सहकारी विभागको पूर्व स्वीकृतिमा सहकारी संस्थाहरुको जगेडा कोषमा जम्मा भएको रकमबाट पचास प्रतिशत सम्म सहकारी उद्योग व्यवसायमा लगानी गर्न सक्ने व्यवस्था गरिएको छ। अहिलेको सन्दर्भमा यस तर्फ पनि ध्यान जान जरुरी देख्दछु।

यस संघ भक्तपुरमा रहेका समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरुको साझा संगठन हो। विशेषगरी बचत तथा ऋण सहकारी क्षेत्रमा देखिएका चुनौती तथा समस्याहरुको सामुहिक रुपमा समाधान गर्न र सहकारीमा तीन तहको तहगत संरचना हुनु पर्छ भन्ने पक्षमा उभिँदै आएको यस संघ सवल र आत्मनिर्भर संघको रुपमा अगाडी बढीरहेको छ। जिल्लाको पैसा जिल्लामै परिचालन गर्ने अवधारणालाई आत्मसात गर्दै यस संघले आर्थिक कारोवार गर्दै आएको कुरा यहाँहरु माझ छिपेको छैन। कारोवारमा सहजता ल्याउन गत विगत वर्ष देखि नै संघको आर्थिक कारोवार काउण्टरबाट गर्दै आइरहेका कुरा यहाँहरुमा अवगत भएकै कुरा हो। त्यसले संघको आर्थिक कारोवारमा बद्धोत्तरी भई आत्मनिर्भर बनाउन सघाएको छ र व्यवसायमुखी पनि बनाएको छ।

यस संघले वित्तीय कारोवारका साथै सदस्य संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने काम पनि गरिरहेको छ। सदस्य संस्थाहरुको क्षमता बृद्धिका लागि संस्थागत विकास तालिम, लघुवित्त कार्यक्रम वारेमा जानकारी, लेखा तथा पर्ल्स अनुगमन प्रणाली र ऋण व्यवस्थापन जस्ता तालिमहरु आयोजना गर्दै आएको छ।

अब म यस संघको आ.व.२०७२।०७३ मा उपलब्धी गरेको वित्तीय प्रगति प्रस्तुत गर्न अनुमति चाहन्छु।

### श्रोत तर्फको प्रगति

| विवरण | २०७१।७२ सम्मको यथार्थ | २०७२।७३ को अनुमानित | २०७२।७३ सम्मको यथार्थ | गतवर्ष भन्दा बृद्धि प्रतिशत | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर पूँजी | ८,०७८ | १०,००० | १२,६६४ | ५६.७७ | १५६.७७ |
| बचत निक्षेप | २६०,९१५ | ३००,००० | ३२९,३५४ | २६.२३ | १२६.२३ |
| कोषहरु | ७,०७२ | ८,४०० | १०,२९७ | ४५.६० | १४५.६० |
| अन्य दायित्व | २,४०१ | २,००० | ३,३५२ | ३९.६१ | १३९.६१ |
| **जम्मा** | **२७८,४६६** | **३२०,४००** | **३५५,६६७** | **२७.७२** | **१२७.७२** |

### उपयोग तर्फको प्रगति

| विवरण | २०७१।७२ सम्मको यथार्थ | २०७२।७३ को अनुमानित | २०७२।७३ सम्मको यथार्थ | गतवर्ष भन्दा वृद्धि प्रतिशत | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| लगानी | २०४,६३९ | २५०,००० | २७२,८११ | ३३.३१ | १३३.३१ |
| सम्पति सामान | ५३७ | ६७० | ४२५ | -२०.८६ | ७९.१४ |

| | | | | | |
|---|---|---|---|---|---|
| पाउनु पर्ने हिसाब | ६,१५० | ५,५०० | ८,१२४ | ३२.१० | १३२.१० |
| तरलता | ६७,१४० | ६४,२३० | ७४,३०७ | १०.६७ | ११०.६७ |
| **जम्मा** | **२७८,४६६** | **३२०,४००** | **३५५,६६७** | **२७.७२** | **१२७.७२** |

## आम्दानी र खर्च तर्फको प्रगति

| विवरण | २०७१/७२ सम्मको यथार्थ | २०७२/७३ को अनुमानित | २०७२/७३ सम्मको यथार्थ | गतवर्ष भन्दा वृद्धि प्रतिशत | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| आम्दानी | २१,०७० | २५,४२७ | २४,७८३ | १७.६२ | ११७.६२ |
| खर्च | १७,४८८ | २१,१८४ | १९,१९३ | ९.७५ | १०९.७५ |
| बचत (नाफा) | ३,५८२ | ४,२४३ | ५,५९० | ५६.०६ | १५६.०६ |

माथी उल्लेखित वित्तीय विवरणले संघको वित्तीय स्थिति उभो लागेको प्रष्ट हुन्छ । ऋण लगानीमा अपेक्षाकृत उपलब्धि नभए पनि विगत वर्षहरुमा भन्दा बढी ऋण लगानी भएको छ। लगानी नभई बाँकी रहेको रकमलाई वित्तीय तथा तरल लगानी मार्फत संघको तरलता व्यवस्थापन गरिएको छ। संघमा आवद्ध संस्थाहरुले संघमा गरेको आर्थिक कारोवार नै संघको मुख्य कारोवार हो । त्यसैले सदस्य संस्थाहरुले संघमा जम्मा गर्ने शेयर तथा बचतले संघको कूल सम्पति बढाउँछ भने ऋण मागले संघको आय क्षमता बढाउँछ । सदस्य संस्थाहरुको ऋण माग बढ्दै गएको छ। संघको ऋण नीति बमोजिम सदस्य संस्थावाट माग गरिएको ऋण नियमानुसार लगानी भई रहेको छ। संघको ऋण लगानीमा व्यापकता ल्याउनका लागि व्याज दर परिमार्जित गरी ऋणको सीमा पनि बढाइएको छ।

त्यसै गरी विगत वर्षहरु देखिनै यस संघमा बचत निक्षेपको तुलनामा शेयर पूँजीको कमी छ। कुल सम्पतिको आधारमा संघको शेयर पूँजी बढाउनका लागि सम्पूर्ण सदस्य संस्थाहरुलाई आव्हान गर्न चाहन्छु। साथै संघलाई वित्तीय रुपमा थप सवल र सक्षम बनाउनका लागि सहयोग पुऱ्याउनु हुने सदस्य संस्था प्रति आभार प्रकट गर्दछु। विगतमा झैं आउँदा दिनमा सम्पूर्ण सदस्य संस्थाहरुले यस संघमा थप वित्तीय कारोवार गर्नु हुने विश्वास गरेको छु।

अव म आ.व.२०७३।७४ को अनुमानित बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु।

## श्रोत तर्फ

| विवरण | २०७२।७३ को अनुमानित | २०७२।७३ को सम्मको यथार्थ | २०७३।७४ को अनुमानित |
|---|---|---|---|
| शेयर पूँजी | १०,००० | १२,६६४ | १५,७१४ |
| बचत निक्षेप | ३००,००० | ३२९,३५४ | ३६९,०३६ |
| कोषहरु | ८,४०० | १०,२९७ | १३,१०० |
| अन्य दायित्व | २,००० | ३,३५२ | ३,००० |
| **जम्मा** | **३२०,४००** | **३५५,६६७** | **४००,८५०** |

**उपयोग तर्फ**

| विवरण | २०७२/७३ को अनुमानित | २०७२/७३ को सम्मको यथार्थ | २०७३।७४ को अनुमानित |
|---|---|---|---|
| लगानी | २५०,००० | २७२,८११ | ३२०,००० |
| सम्पति सामान | ६७० | ४२५ | १,७०० |
| पाउनुपर्ने हिसाब | ५,५०० | ८१२४ | ८,००० |
| तरलता | ६४,२३० | ७४,३०७ | ७१,१५० |
| **जम्मा** | **३२०४००** | **३५५,६६७** | **४००,८५०** |

**आम्दानी तर्फ**

| विवरण | २०७२।७३ को अनुमानित | २०७२।७३ को सम्मको यथार्थ | २०७३।७४ को अनुमानित |
|---|---|---|---|
| व्याज आम्दानी | २३,७२७ | २२,२९८ | २४,३०५ |
| ऋण सुरक्षण शुल्क | ५०० | १,००४ | १,२०० |
| अन्य आम्दानी | १,२०० | १,४८१ | २,३८३ |
| **जम्मा** | **२५४२७** | **२४,७८३** | **२७,८८८** |

**खर्च तर्फ**

| विवरण | २०७२।७३ को अनुमानित | २०७२।७३ को सम्मको यथार्थ | २०७३।७४ को अनुमानित |
|---|---|---|---|
| व्याज खर्च | १७,३०० | १५,३२६ | १६,४०० |
| प्रशासनिक तथा सहकारी कार्यक्रम खर्च | ३८८४ | ३,८६७ | ५,४८३ |
| बचत (नाफा) | ४२४३ | ५,५९० | ६,००५ |
| **जम्मा** | **२५४२७** | **२४,७८३** | **२७,८८८** |

अन्त्यमा प्रस्तुत वित्तीय प्रगति विवरण र आ.व.२०७३।७४ को अनुमानित बजेट तथा लेखा परीक्षक वि.आर.वि.एस.एण्ड एसोसियट्सको तर्फबाट सि.ए. विजय सुकुपायोद्धारा प्रस्तुत यस संघको आ.व.२०७२।७३ को लेखापरीक्षण प्रतिवेदन समेत यस सभावाट पारित गरि दिनु हुन अनुरोध गर्दछु । धन्यवाद । जय सहकारी ।

# लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन



**श्रीराम लामिछाने**
संयोजक
लेखा सुपरिवेक्षण समिति

सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, सञ्चालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, उपसमितिका सदस्यज्यूहरु तथा यस साधारण सभामा उपस्थित प्रतिनिधि एवम् पत्रकारज्यूहरु सबैमा हार्दिक अभिवादन ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. २०६२ बैशाख २१ गते डिभिजन सहकारी कार्यालय भक्तपुरमा दर्ता नं. ९०।०६१।६२ मा दर्ता भएको संघ हो । यो संघ स्थापनाकाल देखि प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरुसंग हातेमालो गर्दै आ.व. २०७२।०७३ को अन्त्यमा १७५ वटा संस्था संघमा आबद्ध गराउन सफल भएको छ र २०७३ कार्तिक मसान्तसम्ममा १७८ वटा संस्था आबद्ध भइसकेको छ । सदस्य संस्थाहरुलाई शिक्षा, तालिम, गोष्ठी आदी मार्फत दायित्व बोध गराउन सकेकाले यस संघ सहकारी अभियानमा राष्ट्रियस्तरको उत्कृष्ट, लोकप्रिय र आशा भरोसाको रुपमा अभिभावकत्व प्रदान गर्दै आफुलाई उभ्याउन सकेको छ ।

लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति भएकोले संघमा लेखा र लेखा राख्ने विधिको सुक्ष्म अध्ययन अनुगमन गरेको जानकारी गराउँदछु । संघबाट भएका सम्पूर्ण कारोबारहरु ठीक ढंगले इमान्दारीपूर्वक, सहकारी मूल्य, मान्यता, सिद्धान्त, ऐन, नियम, संघको विनियम, नीति अनुरुप भएका छन् छैनन भनी सुपरिवेक्षण गर्ने र गल्ती कमजोरी भए समयमै सच्याउन लिखित तथा मौखिक सुझाव यस समितिले दिदैं आएको छ ।

यस समितिले विना भेदभाव संघका सदस्य संस्थाहरुको शेयर, निक्षेप, ऋण र व्याजको जाँच गर्ने, आम्दानी खर्चको भौचर रुजु गर्ने एवं संचालक समितिले गरेका काम कारवाहीको बारेमा सुक्ष्म अध्ययन गरी सुझाव दिदैं आएको छ भने यस समितिबाट सदस्य संस्थाका लेखा समितिलाई लक्षित गरी ६३ जनाको सहभागीतामा मिति २०७३ असार २७ गते लेखा समितिको भूमिका र प्रतिवेदन ढाँचा विषयक कार्यपत्र प्रस्तुत गरी सदस्य संस्थाको उक्त समितिलाई थप क्रियाशील गराउन मद्दत पुगेको महशुस गरेका छौं ।

"लेखा सुपरिवेक्षण समितिको रचनात्मक भूमिका संघ सफलताको आधार" भन्ने नारालाई आत्मसाथ गर्दै सहकारी संस्थाको हक अधिकारप्रति सदैव संवेदनशील बनी संघमा शुसासन कायम गर्नको लागि विद्यमान नीति, नियम, विनियम, ऐन, नियमावली मापदण्ड अनुसार आन्तरिक अनुगमन र नियन्त्रण गर्ने कार्य गर्दै सुझाब दिएका छौं ।

आदरणीय प्रतिनिधिज्यूहरु,

संघको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सहकारी विभागद्वारा जारी सहकारी संघ संस्था दर्ता संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०६८ अनुसार प्रस्तुत गर्नुपर्ने भएकोले उक्त मापदण्डका आधारमा तयार गरिएको छ ।

## १) बितीय अवस्था विश्लेषण

| क्र.सं. | विवरण | आ.ब.०७१/७२ को यथार्थ | आ.ब.०७२/७३ को अनुमानित | आ.ब.०७२/७३ को यथार्थ | बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सदस्य संख्या | १६८ | १७५ | १७५ | ४% |
| २ | शेयरपूँजी | ८,०७८ | १०,००० | १२,६६४ | ५७% |
| ३ | निक्षेप | २६०,९१६ | ३००,००० | ३२९,३५४ | २६% |
| ४ | लगानी हिसाव | २९,६०८ | २५०,००० | २७२,८११ | ८२१% |
| ५ | सम्पत्ति सामान | ५३८ | ६७० | ४२५ | -२१% |
| ६ | व्याज आम्दानी | १९,३२९ | २३,७२७ | २२,२९८ | १५% |
| ७ | व्याज खर्च | १४,४८० | १७,३०० | १५,३२६ | ६% |
| ८ | वासलात कुल सम्पत्ति | २७८,४६७ | ३२०,४०० | ३५५,६६७ | २८% |
| ९ | बचत(नाफा) | २,८६६ | ४,२४३ | ५,५९० | ९५% |
| १० | जगेडा तथा अन्य कोष | ७,०७२ | ८,४०० | १०,२९७ | ४६% |

उपर्युक्त तालिका अनुसार संघले शेयर बृद्धि, ऋण लगानी, र सदस्यता बृद्धि गर्न प्रभावकारी कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ ।

## २. अघिल्लो साधारण सभाको निर्णय

संघको एघारौं वार्षिक साधारण सभा मिति २०७२ मंसिर १९ गते तलेजु बैक्वेंट, राममन्दिरमा सहकारी तथा गरिवीनिवारण मन्त्रालयका सहसचिव सुर्दशन प्रसाद ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो साधारण सभाबाट पारित निर्णयहरुमध्ये तपसिलका महत्वपूर्ण निर्णयहरु कार्यान्वयन भएको देखिन्छ ।

(क) संघको अधिकांश प्रस्तावित कार्यक्रमहरु सम्पन्न भएका छन् ।

(ख) विनियम संशोधन प्रस्ताव डिभिजन सहकारी कार्यालयबाट सहमति भइ स्विकृत बाँकी रहेको छ ।

(ग) आ.ब.२०७२/७३ मा व्याजदर समायोजन, प्रस्तावित कार्यक्रमको कार्यान्वयन गर्न संचालक समिति र उपसमितिहरुले बैठक बसी उपयुक्त निर्णय गरी कार्य गरेको देखिन्छ ।

### ३. आ.ब. २०७२/७३ मा बैठक

| क्र.सं. | विवरण | बैठक संख्या |
|---|---|---|
| १ | संचालक समिति | १५ |
| २ | लेखा समिति | ५ |
| ३ | संस्थागत विकास उपसमिति | ८ |
| ४ | बित्तीय सेवा प्रवर्द्धन उपसमिति | २१ |
| ५ | प्रकाशन उपसमिति | १ |
| ६ | महिला सशक्तिकरण उपसमिति | ६ |
| ७ | सदस्यता उपसमिति | ५ |
| ८ | सहकारी समन्वय उपसमिति | २ |
| ९ | तालिम व्यवस्थापन उपसमिति | २ |

### ४. ऋण लगानीको प्रक्रियामा धितो सुरक्षण

संघ वित्तीय संस्था भएकोले प्रारम्भिक सहकारी संस्थाहरुसँग निक्षेप स्विकार गर्नु र प्रारम्भिक संस्थाहरुलाई ऋण प्रदान गर्नु तथा समयानुकुल ब्याजदर परिवर्तन गर्नु संघको प्रमुख कार्य हो । सोही अनुसार प्रारम्भिक संस्थाहरुको वित्तीय विश्लेषण गरी संघले शेयर तथा जगेडा कोषको आधारमा वित्तीय सेवा प्रवर्द्धन उपसमितिको संयोजकको सिफारिसमा संचालक समितिको स्विकृतिमा अल्पकालीन ऋण बढीमा रु.२०,००,०००।– (बीस लाख रुपैयाँ मात्र) ऋण प्रदान गर्दै आइरहेको छ । धितो जमानीमा दीर्घकालीन ऋण प्रदान गर्न वित्तीय सेवा प्रवर्द्धन उपसमितिले स्थलगत निरीक्षण गरी मूल्याङ्कन गरेको रकमको ६०% ले नबढ्ने गरी वित्तिय सेवा प्रवर्द्धन उपसमितिको सिफारिसमा संचालक समितिले निर्णय गरी दृष्टि बन्धकी गरेर अधिकतम संघको वासलातको ५ प्रतिशत ऋण प्रवाह गर्दै आइरहेको छ । संघले लगानी गरेको ऋण रकममध्ये आ.ब.२०७२/७३ को मसान्तसम्ममा कुनै पनि भाखा नाघेको ऋण नहुनु सकारात्मक पक्ष हो । संघले सहकारी मापदण्ड अनुसार ऋण लगानीमा जोखिमको व्यवस्था गरेको छ ।

### ५. सहकारी मापदण्डहरूको पालना

यस संघ सहकारी ऐन, नियमावली र सिद्धान्त एवं सहकारी मापदण्ड २०६८ द्वारा निर्देशित मापदण्डहरु बमोजिम परिचालित छ ।

### ६. अनुगमन निर्देशन एवम् सुझाव कार्यान्वयन

यस समितिले संघको निर्णय पुस्तिका, आर्थिक प्रगति प्रतिवेदन र व्यवस्थापकीय प्रक्रियाको नियमित अनुगमन गरी आवश्यक सुझावहरु दिंदै आइरहेको छ । उक्त सुझावहरु अधिकांश पालना भएको देखिन्छ ।

### ७. पदाधिकारी पारिश्रमिक, भत्ता र सुविधा

संघका संचालक, लेखा समितिका र उपसमितिका पदाधिकारीहरु सहकारी ऐन तथा मापदण्ड विपरित कुनै पारिश्रमिक, भत्ता र सुविधा लिएको छैन । संघको निर्णय अनुसार देहाय अवस्थामा पारिश्रमिक, भत्ता तथा सुविधा लिएको पाइन्छ ।

**७.१ भत्ता** - संघको संचालक, लेखा समिति र उपसमितिका पदाधिकारीहरुले प्रति बैठक भत्ता रु.५००।- का दरले बुझ्ने गरेको छ।

**७.२ सुविधा** - संघको तर्फबाट प्रतिनिधि भई जाँदा पदाधिकारीहरुलाई प्रति दिन परिवहन खर्च रु. ५००।- दरले दिने गरेको छ।

## ८. कर्मचारी प्रशासन

संघलाई व्यवस्थित र मर्यादित बनाउन कर्मचारीहरुको महत्वपूर्ण भूमिका रहन्छ। कर्मचारीहरु संघ/संस्थाका हात खुट्टा हुन् जसले सम्पूर्ण कार्यहरुलाई व्यवस्थित गर्दछ। तसर्थ कर्मचारी प्रशासन आजको सहकारीको आवश्यकता हो।

### ८.१ कर्मचारी प्रशासन नीति र यसको प्रयोग

संघमा हाल कर्मचारी प्रशासन नीति २०६८ पारित भई कर्मचारी भर्ना लगायत प्रशासनीक कार्यको लागि प्रयोग भइरहेको देखिन्छ।

### ८.२ कर्मचारी कार्य विभाजन

संघले सबै कर्मचारीहरुलाई योग्यता र सक्षमताको आधारमा समानुपातिक रुपमा कार्य विभाजन गरेको छ। कार्यालय प्रमुख वा अन्य पदाधिकारीहरुले कुनै पनि कर्मचारी माथि पुर्वाग्रह राखी व्यवहार गरेको पाइँदैंन। कुनै कर्मचारीलाई बढी कार्यबोझ र कुनै कर्मचारीलाई कम कार्यबोझ दिएको देखिदैंन।

### ८.३ व्यवस्थापन प्रमुखको योग्यता

संघका व्यवस्थापक बालकृष्ण धोजू त्रिभुवन विश्व विद्यालयबाट व्यवस्थापन विषयमा स्नातकोत्तर उत्तीर्ण हुनुहुन्छ। नीज शैक्षिक एवं सामाजिक रुपले योग्य हुनुको साथै व्यवसायिक दक्ष तथा सक्षम व्यक्ति हुनुहुन्छ। उहाँको नेतृत्वमा संघ सबल र सक्षम भईरहेको छ र आगामी दिनहरुमा अझ संघले प्रगति गर्दै जाने देखिन्छ।

### ८.४ कर्मचारी विवरण

यस संघमा हाल तपसिल बमोजिमका कर्मचारी कार्यरत रहेका छन् :-

| | | |
|---|---|---|
| जम्मा कर्मचारीः ४ जना | पुरुषः २ जना | महिलाः २ जना |
| स्थायी | पुरुषः २ जना | महिलाः २ जना |

## ९. बजेट अनुसार आर्थिक प्रशासनिक नीति अध्ययन

संघको आर्थिक प्रशासन नीति साधारण सभाबाट पारित भएको छ। तसर्थ, आर्थिक प्रशासन नीति तथा संघको त्रिवर्षिय व्यवसायिक योजना बमोजिम बजेट बनाउने र बजेटको सीमाभित्र रही कार्यान्वयन पक्षमा लगिएको छ।

# १०. पर्ल्स मापदण्ड र अवस्था विश्लेषण

## वित्तीय अनुपात (Pearls Ratios)

| Sector (क्षेत्र) | Goal (लक्ष्य) | Indicator (संकेतहरु) | Numerator (गणक अंक) | Indicator (संकेतहरु) | Denominator (आधार अंक) | Result (परिणाम) |
|---|---|---|---|---|---|---|
| P | सुरक्षण (Protection) | | | | | |
| P1 | १००% | ऋण सुरक्षण कोष | ०.०० | एक बर्षभन्दा बढी भाखा नाघेको | ०.०० | ०.०० |
| P2 | ३५% | ऋण सुरक्षण कोष | ०.०० | एक बर्षभन्दा कम भाखा नाघेको | ०.०० | ०.०० |
| P3 | १% | ऋण सुरक्षण कोष | ६४७,८०३.८५ | भाखा ननाघेको | ६४,७८०,३८५.०० | १ % |
| E | प्रभावकारी वित्तीय संरचना (E=Effective Financing Structure) | | | | | |
| E1 | ७०-८०% | उठ्न बाँकी ऋण | ६४,७८०,३८५.०० | कूल सम्पत्ति | ३५५,६६७,२६२.६० | १८.२१ % |
| E3 | बढीमा १०% | वित्तीय लगानी | २०८,०३१,०००.०० | कूल सम्पत्ति | ३५५,६६७,२६२.६० | ५८.४९ % |
| E5 | ७०-८०% | निक्षेप हिसाब | ३२९,३५३,९८१.३१ | कूल सम्पत्ति | ३५५,६६७,२६२.६० | ९२.६०% |
| E7 | १०-२०% | शेयर पूंजी | १२,६६४,०००.०० | कूल सम्पत्ति | ३५५,६६७,२६२.६० | ३.५६ % |
| E8 | >=१०% | संस्थागत पूंजी | ९,६९३,९१८.९३ | कूल सम्पत्ति | ३५५,६६७,२६२.६० | २.७३ % |
| A | सम्पत्तिको गुण (A=Assets Quality) | | | | | |
| A1 | ≤५% | कूल भाखा नाघेको कर्जा | ( | लगानीमा रहेको ऋण | ६४,७८०,३८५.०० | ०.०० |
| A2 | ≤५% | आर्जन नगर्ने कुल सम्पत्ति | ८,१२४,३१९.३६ | कुल सम्पत्ति | ३५५,६६७,२६२.६० | १.८५% |
| R | प्रतिफलको दर (R=Rate of Return) | | | | | |
| R1 | ब्याज दर | लगानी बाट ब्याज आम्दानी | २२,२९७,९६०.२० | सरदर लगानी | २३८,७२५,३५१.५० | ९.३४% |
| R5 | बजार दर | ब्याज खर्च | १५,३२६,०५१.२२ | सरदर बचत र बाह्य ऋण | २९५,१३४,८७३.३१ | ५.१९% |
| R9 | कम्तीमा ५% | संचालन खर्च | ३,५१५,३१८.५४ | सरदर सम्पत्ति | ३१७,०६७,०५०.४१ | १.११ % |
| R12 | कम्तीमा १०% | खुद आम्दानी बचत | ४,४७२,२५४.५० | सरदर सम्पत्ति | ३१७,०६७,०५०.४१ | १.४१ % |
| L | तरलता (L=Liquidity) | | | | | |
| L1 | १५% | तरलता | ७४,३०७,०४०.६० | बचत/निक्षेप | ३२९,३५३,९८१.३१ | २२.५६ |
| L3 | <१% | नगद तरलता | ११०,३२०.७२ | कुल सम्पत्ति | ३५५,६६७,२६२.६० | ०.०३ |
| S | विकासका संकेत (S=Sign of Growth) | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| S10 | १२% | सदस्यता बृद्धि | १७५ | गत बर्षसम्मको सदस्यता | १६८ | ४% |
| S11 | २५% | कुल सम्पत्तिमा बृद्धि | ३५५,६६७,२६२.६० | गतबर्ष सम्मको कुल सम्पत्ति | २७८,४६६,८३८.२३ | २७.७२% |

संघमा तरलता वित्तीय लगानी मार्फत व्यवस्थापन गरेको छ। वित्तीय लगानी भन्दा सदस्य संस्थालाई नै लगानीमा जोड दिनुपर्छ। तसर्थ ऋण लगानी प्रक्रियालाई सहज र सरल बनाई बढी भन्दा बढी ऋण लगानी गर्न अझ प्रभावकारी नीति बनाउनुपर्ने देखिन्छ। साथै शेयरपूँजी बृद्धिका कार्यक्रम अगाडी बढाउनु पर्ने देखिन्छ।

## ११. नगद, तरलता र भौतिक सम्पत्ति उपयोग अवस्था

संघले काउन्टर सेवाको शुरुवात गरेदेखि नै नगद कारोवार गर्दै आईरहेको छ। निक्षेप फिर्ता नगदबाट र ऋण लगानी बैंकबाट गर्दै आइरहेको छ। तसर्थ कुल सम्पत्तिको १% मा नबढाई नगद मौज्दात राख्ने गरिएको छ। साथै उक्त नगद मौज्दातको सुरक्षाको लागि सेफ र सो सेफमा रहेको रकम रु.७,००,०००।- को बीमा रहेको र रु.३,००,०००।-को काउन्टरमा रहेको नगदको वीमा गरिएको छ। संघको तरलता असार मसान्तसम्ममा २२.५६% रहेको छ। संघमा रहेको भौतिक सम्पत्तिहरुको स्टक नं. दिएर लेखांकन गरिएको छ। ती सम्पत्तिहरु सुरक्षितकासाथ उपयोग गर्दै आइरहेको छ।

## १२. सहकारी शिक्षा, तालिम र सूचना

संघले सहकारी तालिम तथा शिक्षालाई महत्वपूर्ण स्थानमा राखिएको छ। सदस्य संस्थाको संस्थागत विकास हुने विभिन्न किसिमका तालिमहरु सहकारी लेखा व्यवस्थापन तालिम, पर्ल्स अनुगमन तालिम, असल बैठक प्रणाली तालिम, संचालकहरुको क्षमता अभिवृद्धि तालिम (CUDCC), संस्थागत विकास तालिम, कर प्रणली तथा ई सिस्टम विषयमा गोष्ठी आदि कार्यक्रमहरुको आयोजना गरिएका छन्। माथिल्लो संघहरुको सूचना र संघका कार्यक्रमहरु एवम् अन्य महत्वपूर्ण जानकारीहरु संघले पत्रपत्रिका, एफ.एम., ईमेल, एस. एम. एस. तथा चिठीमार्फत सूचना सम्प्रेषण गर्दै आइरहेको छ।

## १३. विगतका सुझावहरू

लेखा समितिले संचालक समितिलाई राय, सुझाव र सल्लाहहरु समय समयमा दिँदै आइरहेको छ र भविष्यमा पनि यसलाई निरन्तरता दिँदै जानेछौं। विगतमा यस समितिले लेखा राख्ने क्रममा विल भर्पाइ रुजु गर्दा सुधार गर्नुपर्ने बुँदाहरु, निर्णय र निर्णय कार्यान्वयन गर्ने क्रममा गरिएका कार्यहरु निर्णय तथा कार्यहरुको विषयमा दिएका अधिकांश सुझावहरु कार्यान्वयन भएका छन्।

## १४. बाह्य लेखा परीक्षकको सुझाव

लेखा परीक्षकबाट ०७२/०७३ को सन्दर्भमा दिएका सुझावहरुलाई संघले अवलम्बन गरिएको छ।

## १५. सहभागितात्मक तालिम सम्बन्धमा

संघको परिवार बढ्दै गएकोले तालिम र शिक्षाको पाटोमा संस्थालाई अग्रसर गराई क्षेत्रीयस्तरमा संघको थोरै लगानीमा ठूलो उपलब्धी हासिल गर्न संघले सहभागितात्मक तालिम एवम् शिक्षातर्फ जोड दिनुपर्ने र जिल्ला स्तरमा सम्पन्न प्रशिक्षक प्रशिक्षण तालिम (TOT) लाई निरन्तरता दिनुपर्ने देखिन्छ ।

## १६. लेखा समितिको टिप्पणी

सहकारी संघ संस्था व्यक्ति विशेषको नभई सम्पूर्ण संस्थाहरुको साझा संघ हो । सदस्य संस्थाको हितलाई सर्वोपरी ठानी संघले विगतका कमिकमजोरीबाट शिक्षा लिनु पर्दछ, तब मात्र सहकारी संघ सफल हुन सक्दछ । आजको प्रतिस्पर्धात्मक युगमा निश्चित नीति र कार्ययोजना बनाई संघ अगाडी बढ्नु पर्दछ ।

## १७. लेखा समितिको सुझावहरू

संघको दिगो विकासको निम्ति विगत र वर्तमानको समीक्षा गर्दै निम्न सुझावहरु प्रस्तुत गरेका छौं :-

१७.१ सहकार्य बुलेटीनलाई नियमित प्रकाशन गर्नुपर्ने देखिन्छ ।

१७.२ संघले लगानी गरेका धितो ऋणहरुको वीमा गर्नुपर्ने देखिन्छ । साथै संघको तरलता बढ्दै गएकोले व्यवस्थापन गर्ने कार्ययोजना बनाउनुपर्ने देखिन्छ ।

१७.३ संघले सदस्यता बृद्धि कार्यक्रमलाई जोड दिनुपर्ने देखिन्छ ।

१७.४ संघले बचत तथा ऋण कार्यक्रममा विविधिकरण गरी आवश्यक नीति तर्जुमा गर्नुपर्दछ ।

१७.५ अन्तर संघ अवलोकन भ्रमण कार्यक्रमलाई निरन्तरता दिनुपर्ने देखिन्छ ।

१७.६ प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरुको संघद्वारा अनुगमन कार्य थालनी गर्नुपर्ने देखिन्छ ।

१७.७ संचालित सहकारी रेडियो कार्यक्रम सहकार्यलाई निरन्तरता दिर्दै जानुपर्ने देखिन्छ ।

१७.८ भुकम्पबाट क्षति भएका घरहरुको लागि संस्थालाई दिइने पुर्न निर्माण ऋणलाई प्रभावकारी रुपमा अगाडी बढाउनुपर्ने देखिन्छ ।

१७.९ संघको दिगोपनाका लागि भवन निर्माणमा ध्यान दिनुपर्ने देखिन्छ ।

अन्तमा हामीले आ.ब.२०७२/०७३ मा संघको लेखा सुपरिवेक्षण समितिका तर्फबाट आवश्यक अनुगमन निरीक्षण गर्दा प्राप्त भएका कैफियतहरु, सुझावहरु र संघको अग्रगतिका लागि विवेकले भ्याएसम्म प्रयत्न गरेका छौं । यति गर्दा गर्दै पनि कुनै कमि कमजोरी रहेमा सुझाव प्रदान गरी हामीलाई मार्गदर्शन गराउनु हुनेछ भन्ने विश्वास सहित प्रतिवेदन पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

धन्यवाद ।

Firm Reg. No. : 524 VAT No. 602810908

BRBS & Associates
*Chartered Accountants*

**भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडका**

शेयर सदस्य संस्थाका प्रतिनिधिहरु समक्ष

आ.व २०७२/२०७३ को स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. हामीले यसै साथ संलग्न भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड, सुर्यविनायक, भक्तपुरको ३१ आषाढ २०७३ को वासलात र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरणको लेखा परिक्षण सम्पन्न गरेका छौं । यी वित्तिय विवरणहरु प्रतिको उत्तरदायित्व संघको व्यवस्थापनको रहेको छ । संघको व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखा परीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हुनेछ ।

२ निम्नलिखित अनुच्छेदहरुमा लेखिएका कुराहरु वाहेक, हामीले नेपाल लेखा परीक्षण मानहरु (Nepal Standards on Auditing) र प्रचलित पद्धतिको आधारमा लेखा परिक्षण सम्पन्न गर्यौं । वित्तिय विवरणहरु सारभुत रुपमा गलत तथ्य रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि यी मानहरु अनुसार लेखा परीक्षण योजना तयार गरी तद् अनुसार लेखा परीक्षण गर्नु पर्दछ । वित्तीय विवरणहरुमा उल्लेखित रकम र खुलस्त गरिएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्न प्रमाणको जाँच समेत लेखापरीक्षणमा समावेश हुने छ । संघले अवलम्बन गरेका लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवम् वित्तिय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्याक्तन पनि लेखा परीक्षणमा समावेश हुन्छ । हाम्रो लेखापरीक्षणमा हाम्रो मन्तब्यलाई प्राप्त आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौ ।

| ४ | एडभान्स एक्सेल तालिम | ०७३ भाद्र मसान्त | संचालक समिति | ६०,०००.०० | ४५,०००.०० | १ दिन | सहभागी संस्थाहरु र संघ |
| ५ | लेखा समितिको भूमिका | ०७३ माघ मसान्तसम्म | लेखा समिति | ३०,०००.०० | - | १ | आफ्नै श्रोत |
| ६ | बुलेटिन प्रकाशन (चौमासिक) | ०७३ भाद्र र पुष बैशाख | प्रकाशन उपसमिति | ३०,०००.०० | - | ४ | आफ्नै श्रोत |
| ७ | साधारण सभा | ०७३ कार्तिक मसान्तसम्म | संचालक समिति | १५०,०००.०० | - | १ | आफ्नै श्रोत |
| ८ | राष्ट्रिय/अर्न्तराष्ट्रिय अध्ययन भ्रमण | ०७३ मंसिर | सहकारी समन्वय उपसमिति | २६०,०००.०० | २००,०००.०० | २ दिन | आफ्नै श्रोत |
| ९ | ऋण लगानी व्यवस्थापन तालिम | ०७३ पुष मसान्तसम्म | वित्तीय सेवा प्रवर्द्धन उपसमिति | ३५,०००.०० | २२,५००.०० | २ दिन | सहभागी संस्थाहरु र संघ |
| १० | समिक्षा कार्यक्रम | ०७३ माघ मसान्तसम्म | संचालक समिति | ४०,०००.०० | - | २ | आफ्नै श्रोत |
| ११ | उच्च स्तरको लेखा तालिम | ०७३ माघ मसान्तसम्म | संचालक समिति | ४५,०००.०० | ३७,५००.०० | ३ दिन | सहभागी संस्थाहरु र संघ |
| १२ | अन्तर्क्रिया/गोष्ठी | ०७३ फाल्गुण मसान्त | महिला शसक्तिकरण उपसमिति | २०,०००.०० | - | १ | आफ्नै श्रोत |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | अन्तर सदस्य अध्ययन अवलोकन भ्रमण | ०७३ चैत्र मसान्त | संस्थागत विकास उपसमिति | ६०,०००.०० | ३०,०००.०० | २ | आफ्नै श्रोत |
| १४ | सम्बन्धीत निकायसंग अन्तर क्रिया कार्यक्रम | ०७३ चैत्र मसान्त | सहकारी समन्वय उपसमिति | २५,०००.०० | - | १ | आफ्नै श्रोत |
| १५ | सहकारी दिवस कार्यक्रम | ०७३ चैत्र मसान्त | संचालक समिति | ३०,०००.०० | - | १ | आफ्नै श्रोत |
| १६ | बार्षिक योजना तथा बजेट तर्जुमा अभिमुखिकरण | ०७४ बैशाख मसान्त | वित्तिय सेवा प्रवर्द्धन उपसमिति | २५,०००.०० | - | १ दिन | सहभागी संस्थाहरु र संघ |
| १७ | संघको स्थापना दिवस | ०७४ बैशाख २१ | संचालक समिति | ६२,५००.०० | - | १ | आफ्नै श्रोत |
| १८ | अन्य कार्यक्रम | माग बमोजिम | संचालक समिति | ६०,०००.०० | - | १ दिन | आफ्नै श्रोत |
| १९ | जिविससंग साझेदारी कार्यक्रम संचालन गर्ने | ०७४ असार मसान्त | संचालक समिति | १००,०००.०० | ५०,०००.०० | १ वटा | सम्बन्धित निकाय |
| २० | कर तथा शुल्क सम्बन्धी कार्यक्रम (लविङ) | ०७४ असार मसान्त | सहकारी समन्वय उपसमिति | २५,०००.०० | - | १ | आफ्नै श्रोत |
| २१ | समयानूकूल नीति नियम परिमार्जन | ०७४ असार मसान्त | संचालक समिति | २५,०००.०० | - | १ | आफ्नै श्रोत |
| २२ | सूचना प्रवाहः मा सहकारी कार्यक्रम संचालन | हरेका हप्ता | प्रकाशन उपसमिति | ७०,०००.०० | ६०,०००.०० | ५२ | आफ्नै श्रोत र सहभागि संस्था |
| २३ | महिला नेतृत्व विकास तालिम | ०७४ जेष्ठ मसान्त | महिला शसक्तिकरण उपसमिति | २५,०००.०० | १५,०००.०० | १ | आफ्नै श्रोत र सहभागि संस्था |
| २४ | सदस्यता अभिमुखिकरण कार्यक्रम | ०७४ जेष्ठ मसान्त | सदस्यता उपसमिति | १५,०००.०० | - | १ | आफ्नै श्रोत |
| २५ | प्रशिक्षक प्रशिक्षण तालिमको पुन तार्जकिकरण | ०७४ जेष्ठ मसान्त | तालिम व्यवस्थापन उपसमिति | १५,०००.०० | - | १ | आफ्नै श्रोत र सहभागि संस्था |
| २६ | बार्षिक बजेट तर्जुमा | ०७४ असार मसान्त | संचालक समिति | २५,०००.०० | - | २ | आफ्नै श्रोत |

# अनुसूची

## भक्तपुर बचत तथा ऋण सहकारी संघ लि.

## पाचौं त्रिवर्षिय व्यवसायिक योजना (२०७३/७४-२०७५/७६)

### १. संघको परिकल्पना

यस संघको परिकल्पना बचत तथा ऋण सहकारी संस्थाहरुको व्यवसायिक तथा संस्थागत विकासका लागि नेतृत्वदायी अभियान हुनेछ ।

### २. ध्येय

प्रतिस्पर्धि वित्तीय तथा प्राविधिक सेवाको माध्यमबाट बचत तथा ऋण सहकारी संस्थाहरुको प्रवर्द्धन एवं सम्बर्द्धन गर्न समन्वयकारी भूमिका खेल्नु संघको ध्येय हो ।

### ३. उद्देश्यहरु

- आबद्ध सदस्य संस्थाहरुको क्षमता वृद्धि
- संस्था प्रर्वद्धन तथा विकास
- संघको क्षमता अभिवृद्धि
- अन्तर लगानी विस्तार
- समन्वय पहलकमी भूमिका
- जनचेतना अभिबृद्धि

### ४.लक्ष्यहरु

उद्देश्य १. आवद्ध संस्थाहरुको क्षमता अभिबृद्धि

| क्र.स. | कार्यक्रम | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ |
|---|---|---|---|---|
| १ | संस्थागत विकास तालिम | १ | १ | १ |
| २ | पर्ल्स अनुगमन तालिम | १ | १ | १ |
| ३ | एडभान्स एक्सेल तालिम | १ | १ | १ |
| ४ | ऋण व्यवस्थापन तालिम | १ | १ | १ |
| ५ | उच्चस्तरको लेखा तालिम | १ | १ | १ |
| ६ | लघुबित्त सम्बन्धी अभिमुखीकरण कार्यक्रम | १ | १ | १ |
| ७ | लेखा समितिको भूमिका सम्बन्धी गोष्ठी | १ | १ | १ |
| ८ | अन्तर सदस्य अध्ययन अवलोकन भ्रमण | १ | १ | १ |
| ९ | संस्था निरिक्षण | ५० | ६० | ७० |
| १०. | रणनीति योजना तालिम | १ | १ | १ |
| ११. | माग बमाजोजिम अन्य कार्यक्रम | | | |
| १२. | ३ पी तालिम | ० | १ | १ |

उद्देश्य २. अन्तर लगानी विस्तार — रु हजारमा

श्रोत तर्फ

| विवरण | २०७३/०७४ | २०७४।०७५ | २०७५।०७६ |
|---|---|---|---|
| शेयर पुँजी | १५७१४ | १८०७१ | २०७८२ |
| बचत निक्षेप | ३६९०३६ | ४२४३९१ | ४८८०५० |
| जगेडा कोष तथा अन्यकोष | १३१०० | १५०६५ | १७३२५ |
| अन्य दायित्व | ३००० | ३४५० | ३९६८ |
| **जम्मा** | ४००८५० | ४६०९७८ | ५३०१२४ |

## उपयोग तर्फ

| विवरण | २०७३/०७४ | २०७४।०७५ | २०७५।०७६ |
|---|---|---|---|
| लगानी | ३२०००० | ३६८००० | ४२३२०० |
| सम्पति सामान | १७०० | १९५५ | २२४८ |
| पाउनुपर्ने हिसाब | ८००० | ९२०० | १०५८० |
| तरलता | ७११५० | ८१८२३ | ९४०९६ |
| जम्मा | ४००८५० | ४६०९७८ | ५३०१२४ |

## आम्दानी तर्फ

| विवरण | २०७३/०७४ | २०७४।०७५ | २०७५।०७६ |
|---|---|---|---|
| ब्याज आम्दानी | २४३०५ | २७९५१ | ३२१४३ |
| ऋण सुरक्षण शुल्क | १२०० | १३८० | १५८७ |
| अन्य आम्दानी | २३८३ | २७४० | ३१५१ |
| जम्मा | २७८८८ | ३२०७१ | ३६८८१ |

## खर्च तर्फ

| विवरण | २०७३/०७४ | २०७४।०७५ | २०७५।०७६ |
|---|---|---|---|
| ब्याज खर्च | १६४०० | १८८६० | २१६८९ |
| प्रशासनिक तथा सहकारी कार्यक्रम खर्च | ५४८३ | ६३०५ | ७२५१ |
| बचत (नाफा) | ६००५ | ६९०६ | ७९४२ |
| जम्मा | २७८८८ | ३२०७१ | ३६८८१ |

## उद्देश्य ३. समन्वय र पहलकदमी

| क्र.स. | कार्यक्रम | २०७३/०७४ | २०७४।०७५ | ०७५/७६ |
|---|---|---|---|---|
| १ | कर तथा शुल्क सम्बन्धी लबिंग | १ | १ | १ |
| २ | सम्बन्धित निकायसँग अन्तरक्रिया कार्यक्रम | १ | १ | १ |
| ३ | नियमन निकायसाग समन्वय कार्यक्रम | १ | १ | १ |
| ४ | समायानूकुल नीति नियम परिमार्जन | १ | १ | १ |

## उद्देश्य ४. संघको क्षमता अभिवृद्धि

| क्र.स. | कार्यक्रम | २०७३/०७४ | २०७४।०७५ | ०७५/७६ |
|---|---|---|---|---|
| क) | जनशक्ति विकास तथा विस्तार | | | |
| | अ) व्यवसायिक क्षमता अभिबृद्धि तालिममा सहभागिता | १ | १ | १ |
| | आ) उत्प्रेरणा तालिम | १ | १ | १ |
| | ई) थप कर्मचारी | १ | ० | १ |

| | | | | |
|---|---|---|---|---|
| ख) | कार्यालय उपकरण तथा व्यवस्थापन | | | |
| | अ) कम्प्युटर | ० | ० | १ |
| | आ) फ्याक्स मेशिन | ० | १ | ० |
| | ई) सवारी साधन स्कुटर | १ | ० | ० |
| | इ) इन्टर कल मेशिन | १ | ० | ० |
| | ऊ) सीसी क्यामेरा | १ | ० | ० |
| | उ) प्रोजेक्टर | ० | १ | ० |
| | ऋ) फाइल र्याक | १ | | ० |
| ग) | अन्य भौतिक व्यवस्थापन | | | |
| | अ) जग्गा तथा भवन | १ | १ | १ |
| | आ) पुस्तकालय व्यवस्थापन | ० | १ | ० |
| घ) | स्टेशनरी सेवा | ५०० | ५०० | ५०० |
| ङ) | CUDCC तालिम | ० | १ | ० |
| च) | बार्षिक बजेट तर्जुमा | १ | १ | १ |
| छ) | त्रिवर्षीय व्यवसायिक योजना तर्जुमा | ० | ० | १ |
| ज) | साधारण सभा | १ | १ | १ |
| झ) | समीक्षा गोष्ठी | २ | २ | २ |
| ञ) | सदस्यता | २०० | २२५ | २५० |

## उद्देश्य ५. जनचेतना अभिबृद्धि

| क्र.स. | कार्यक्रम | २०७३/०७४ | २०७४।०७५ | ०७५/७६ |
|---|---|---|---|---|
| क) | बुलेटीन प्रकाशन | ३ | ३ | ३ |
| ख) | सहकारी दिवस कार्यक्रम | १ | १ | १ |
| ग) | संघको स्थापना दिवस | १ | १ | १ |
| घ) | एफ.एम.मा सहकारी कार्यक्रम "सहकार्य" | ५२ | ५२ | ५२ |
| ङ) | संस्थाहरुको साधारण सभामा सहभागिता | १८० | २०० | २२५ |
| च) | अन्तरक्रिया गोष्ठी | १ | १ | १ |

# अनुसूची
# भक्तपुर बचत तथा ऋण सहकारी संघ लि.
# निर्वाचन निर्देशिका, २०७३

## परिचय

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. विनियमको परिच्छेद ६ दफा २९ को उपदफा १ मा उल्लेख भए वमोजिम संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको निर्वाचन कार्यलाई व्यवस्थित गर्न निर्वाचन निर्देशिकाको आवश्यकता महसुश गरी संघको निर्वाचन निर्देशिका, २०७३ लागू गरिएको छ ।

## उद्देश्य

संघको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका सदस्यहरुको निर्वाचन कार्य सरल र सहज तरिकाबाट सम्पन्न गर्ने उद्देश्यले यो निर्देशिका जारी गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस निर्देशिकाको नाम “निर्वाचन निर्देशिका २०७३” रहेको छ ।

(ख) यो निर्देशिका संघका संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको निर्वाचनको लागि अनुसरण गर्नु पर्नेछ ।

## २. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “संस्था” भन्नाले सहकारी ऐन, २०४८ को दफा ५ अनुसार दर्ता भएको प्रारम्भिक सहकारी संस्था सम्झनु पर्छ ।

(ख) “संघ” भन्नाले सहकारी ऐन, २०४८ को दफा ५ अनुसार दर्ता भएको भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.लाई सम्झनु पर्छ ।

(ग) “बैंक” भन्नाले सहकारी ऐन, २०४८ को दफा २६ को उपदफा(४) अनुसार दर्ता भएको राष्ट्रिय सहकारी बैंकलाइ सम्झनु पर्छ ।

(घ) “विनियम” भन्नाले सम्बन्धित संघको विनियमलाई सम्झनु पर्छ ।

(ङ) “निर्वाचन” भन्नाले संघका अध्यक्ष तथा पदाधिकारीहरु लगायत सञ्चालक समितिका सदस्य र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको निर्वाचनलाइ सम्झनु पर्छ ।

(च) “निर्वाचन अधिकृत” भन्नाले संघले आफ्नो निर्वाचन प्रयोजनका लागि नियुक्त संयोजकलाई निर्वाचन अधिकृत सम्झनु पर्दछ ।

(छ) “मतदाता” भन्नाले संघका सदस्य संस्थाका प्रतिनिधिलाई सम्झनु पर्छ ।

(ज) “उम्मेदवार” भन्नाले समिति र लेखा समितिका सदस्य निर्वाचनमा उम्मेदवार हुने व्यक्तिलाई सम्झनु पर्छ ।

## ३. निर्वाचन उपसमिति र निर्वाचन अधिकृत सम्बन्धी व्यवस्था :

(क) संघको संचालक समितिले आफ्नो संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने प्रयोजनका लागि आफ्नो विनियम अनुसार एक निर्वाचन उपसमिति गठन गर्नु पर्नेछ ।

(ख) निर्वाचन कार्यक्रममा मतदान अधिकृतका रुपमा सम्बन्धित डिभिजन सहकारी कार्यालय भक्तपुरका प्रमुख वा कार्यालयले प्रतिनिधि खटाएको भए सो कर्मचारी वा स्थानिय बहालवाला सरकारी कर्मचारी वा विद्यालयका स्थायी शिक्षक वा मान्यता प्राप्त कानून व्यवसायी भएको सदस्य प्रतिनिधिलाई निर्वाचन उपसमिति संयोजकको रुपमा नियुक्त गर्न सक्नेछ ।

## ४. निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गर्ने :
संघको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको पदाधिकारीहरुको निर्वाचनको लागि १५ दिन अगावै सम्बन्धित संघले निर्वाचन उपसमितिको बैठक बसी अनुसूची-१ अनुसारको ढाँचा निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गर्नु पर्नेछ ।

## ५. मतदाता नामावली प्रकाशित गर्ने :
(क) संचालक समितिको निर्णयानुसार गठित निर्वाचन उपसमितिले निर्वाचन गराउने दिनको प्रारम्भमा अनुसूची-२ बमोजिमको ढाँचामा संचालक समितिले उपलव्ध गराएको र निर्वाचन अधिकृतले प्रमाणित गरेको मतदाता नामावली प्रकाशित गर्नु पर्नेछ र सो को मुचुल्का अनुसूची-३ बमोजिमको ढाँचा राख्नु पर्नेछ । छुटफुट भएको मतदाताको नाम थपघट गर्न छोटो अवधिको म्याद दिई थपघट गर्नु पर्नेछ । थपघट गरी सच्याइएको अन्तिम नामावली पुनः प्रकाशित गर्नु पर्नेछ ।

(ख) निर्वाचन शुरु गर्नु अघि उम्मेदवारहरुलाई प्रचार प्रसारको लागि केही समय दिनुपर्नेछ । निर्वाचन शुरु भएपछि प्रचार-प्रसार बन्द गर्नु पर्नेछ ।

## ६. उम्मेदवारबाट दरखास्त लिने:
(क संघको संचालक समिति र लेखा सुपरिवेक्षण समितिको उम्मेदवारको लागि दरखास्त दिन योग्यता पुगेको व्यक्ति वा प्रतिनिधिले अनुसूची-४ बमोजिमको ढाँचामा उम्मेदवारको दरखास्त दिनुपर्नेछ । उम्मेदवारी दर्ता अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र लेखा सुपरिवेक्षण समितिको संयोजकका लागि रु.१०००। (एक हजार रुपैंया मात्र) र बाँकी अन्य पदहरुको लागि रु ५००। (पाँच सय रुपैंया) दर्ता शुल्क लाग्नेछ ।

(ख) उम्मेदवारको लागि दरखास्त दिंदा एक जना प्रस्तावक र एकजना समर्थकको सही भएको हुनुपर्छ । तर कुनै उम्मेदवारको लागि एक पटक प्रस्तावक वा समर्थक भएपछि अर्को उम्मेदवारको लागि प्रस्तावक वा समर्थक बन्न पाउने छैन ।

(ग) निर्वाचन अधिकृतले प्राप्त दरखास्त जाँच गरी उम्मेदवारहरुको नामावली अनुसूची-५ बमोजिमको ढाँचामा तयार गरी सूचना प्रकाशित गर्नु पर्नेछ ।

(घ) उम्मेदवारको दावी विरोध र नाम फिर्ता लिन निश्चित अवधिको म्याद दिनुपर्छ र त्यसपछि अन्तिम नामावली प्रकाशित गर्नु पर्नेछ ।

## ७. संघको उम्मेदवार हुन नपाउने अवस्था :
संघको प्रतिनिधित्व गरेको एक जना व्यक्ति एकभन्दा बढी पदको लागि उम्मेदवार बन्न पाउने छैन । निम्न अवस्थामा संघको प्रतिनिधित्व गरेको कुनै पनि व्यक्ति सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको कुनै पनि पदको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

(क) संघको विनियम अनुसार तिर्नु बुझाउनु पर्ने शुल्कहरु बाँकी रहेको ।

(ख) संघको रकम हिनामिना गरेको वा सदस्य संस्थाले भाखा नाघेको ऋण वा अन्य प्रकारको रकम कायम रहेको ।

(ग) संस्था वा संघ वा बैंक वा वित्तीय संस्थाको ऋण चुक्ता नगरेवापत कालो सूचीमा परेको ।

(घ) सम्पत्ति शुद्धिकरण सम्बन्धी मुद्दामा कारवाही चलि रहेको वा कारवाही भएको ।

(ङ) संघ वा संस्थाको कर्मचारी भएमा ।

(च) संस्था संघको सदस्य भएको तीन बर्ष (एक कार्यकाल) ननाघेको ।

(छ) संस्था अन्य जिल्ला स्तरिय सहकारी संघको संचालक तथा लेखा सुपरिवेक्षण समितिमा रहेको ।

ज) सदस्य संस्थामा संचालक समिति वा लेखा सुपरिवेक्षण समितिमा बहाल नरहेको ।

झ) अध्यक्ष पदको उम्मेदवार बन्नको लागि संघको एक कार्यकाल संचालक समितिमा नरहेको ।

**८. मतपत्रः**

निर्वाचनका लागि अनुसूची – ६ बमोजिमको ढाँचामा मतपत्र हुनेछ । मतपत्रमा भएका कोठाहरु नपुग भएमा जति उम्मेदवारहरु हुन्छन् उति नै कोठा संख्या थप गर्दै लैजान सकिने छ ।

**९. मतदान केन्द्रमा प्रवेश निषेधः**

निर्वाचन अधिकृत र निजले तोकेको व्यक्तिहरु बाहेक अन्य कुनै पनि व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश निषेध गर्नु पर्नेछ ।

**१०. सदर वा बदर मतपत्रः**

(क) मत संकेत गर्दा आफूले मत दिन चाहेको उम्मेदवारको नाम थर भएको मत संकेत गर्ने कोठाभित्र पर्ने गरी स्वस्तिक चिन्ह (卐) वा रेजा (✓) लगाउनु पर्नेछ ।

(ख) दुई उम्मेदवारहरुको कोठाहरुमा पर्ने गरी स्वस्तिक चिन्ह वा रेजा लगाई ती मध्ये कसलाई मत दिएको हो भन्ने प्रष्ट नभएमा, मतपत्रमा स्वस्तिक चिन्ह वा रेजा नै नलगाएमा र निर्वाचन अधिकृतको सही नभएमा मतपत्रहरु बदर हुनेछन् ।

(ग) एउटा उम्मेदवारको कोठामा स्वस्तिक चिन्ह वा रेजा लगाएको तर रेजा धर्काको टुप्पो दोस्रो उम्मेदवारको कोठामा छुन पुगेको भएता पनि मत संकेत भने एकै उम्मेदवारलाई गरेको हो भन्ने प्रष्ट देखिएमा त्यस्तो मतपत्र सदर मान्नु पर्छ ।

(घ) आवश्यक पद भन्दा वढी संख्यामा मतदान गरेमा सो मत वदर हुनेछ ।

(ङ) मतपत्र सदर वा बदर गर्ने बारे निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

**११. प्रतिनिधि नियुक्त गर्न सक्नेः**

कुनै उम्मेदवारले आफ्नो तर्फबाट निर्वाचनको मतदान कार्यको रेखदेख गर्न उम्मेदवारको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्यको लागि संघका सदस्य संस्थाका प्रतिनिधिहरुमध्ये अनुसूची–७ बमोजिमको ढाँचामा कसैलाई पूर्ण अधिकार दिई प्रतिनिधि नियुक्ति गर्न सक्ने छ ।

**१२. मतपेटिकामा मतदान गर्ने :**

(क) मतदानको लागि एउटा वाकस वा स्थानीय रुपमा उपलबध कुनै बट्टालाई मतपेटिकाको रुपमा प्रयोग गर्न सकिने छ । मतदान शुरु हुनुभन्दा अघि उक्त खाली मतपेटिका उम्मेदवारहरु वा उनीहरुका प्रतिनिधि सामु खोलेर देखाई मत संकेत गर्ने गोप्य कोठाको बाहिर पट्टी सबैले देख्ने ठाउँमा राख्नु पर्छ ।

(ख) मतपत्रमा मत संकेत गर्नको लागि एउटा गोप्य कोठा वा ठाउँ बनाउनु पर्छ ।

(ग) मतदातालाई एक व्यक्ति एक मतको आधारमा मात्र मत दिन लगाउनु पर्छ । मतदातालाई अरुको प्रतिनिधित्व गर्ने गरी मत खसाल्न दिनु हुँदैन ।

(घ) मतदाताले निर्वाचन अधिकृतसँग मतपत्र लिई उक्त कोठामा गई मत संकेत गरी बाहिर आई उक्त मतपत्र मतपेटिकामा खसाल्नु पर्छ ।

(ङ) मतदान कार्य समाप्त भएपछि अनुसूची–८ को ढाँचा अनुसार मुचुल्का खडा गर्नुपर्छ र त्यसपछि त्यसै ठाउँमा मतगणना गर्नुपर्छ ।

**१३. निर्वाचन परिणाम घोषित गर्ने:**

(क) निर्वाचनको परिणाम अनुसूची–९ बमोजिमको ढाँचामा मुचुल्का तयार पारी उम्मेदवारलाई वा उनीहरुको प्रतिनिधिहरुलाई सही गराई घोषणा गर्नुपर्नेछ ।

(ख) जुनसुकै पदको लागि जति उम्मेदवार खडा भएतापनि सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारलाई विजयी घोषित गर्नु पर्नेछ ।

(ग) समान किसिमका एकभन्दा बढी पदको लागि निर्वाचन गर्दा जति पदको लागि निर्वाचन भएको हो त्यति पदसम्ममा बढी मत प्राप्त गर्ने उम्मेदवारहरुलाई विजयी घोषित गर्नु पर्नेछ ।

**१४. गोला हाली निर्णय गर्ने :**

मत गणनामा एक भन्दा बढी उम्मेदवारको मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गराई विजयी घोषित गर्नु पर्नेछ ।

**१५. निर्विरोध घोषणा गर्ने :**

उम्मेदवारको संख्या निर्वाचन गर्ने पदको संख्या बराबर भएमा निर्वाचन अधिकृतले त्यस्तो व्यक्तिलाई निर्विरोध विजयी भएको घोषित गर्नु पर्नेछ ।

**१६. प्रमाण-पत्र दिने :**

निर्वाचनमा विजयी उम्मेदवारलाई अनुसूची–१० बमोजिमको ढाँचामा प्रमाण–पत्र दिनु पर्दछ ।

**१७. चित्त नबुझ्नेले उजुर गर्ने :**

निर्वाचनमा चित्त नबुझे सम्बन्धित डिभिजन सहकारी कार्यालयमा ३५ दिन भित्र उजुर गर्न सकिने छ । डिभिजन सहकारी कार्यालयका प्रमुखले गराएको निर्वाचन सम्बन्धमा ३५ दिनभित्र सम्बन्धित सहकारी विभागका रजिष्टार समक्ष उजुर गर्न सकिनेछ ।

**१८. कागजपत्र पेश गर्ने:**

मतदान कार्यको समाप्ति र विजयी उम्मेदवारको घोषणा गरी सकेपछि निर्वाचन अधिकृतले मतदान सम्बन्धी कागजातहरु सम्बन्धित संघको कार्यालयमा पेश गर्नुपर्नेछ । निर्वाचन सम्बन्धी सबै कागजातहरु सिल गरी प्रमाणित गराई सुरक्षित साथ राख्नु पर्नेछ ।

**१९. मतदाता नामावली सम्बन्धित डिभिजन सहकारी कार्यालय वा सहकारी विभागमा पेश गर्नु पर्ने :**

संघका जिम्मेवार पदाधिकारीले संचालक समितिले स्वीकृत गरेको र निर्वाचन अधिकृतले प्रमाणित गरेको मतदाता नामावलीको एक प्रति सम्बन्धित डिभिजन सहकारी कार्यालयमा मतदान सम्पन्न भएको ७ दिन भित्र उपयुक्त र छिटो संचार माध्यमबाट पठाउनु पर्नेछ ।

## अनुसूची - १

### निर्वाचन कार्यक्रम

(निर्देशिकाको दफा ४ सँग सम्बन्धित)

| सि.नं. | विवरण | मिति | समय |
|---|---|---|---|
| १ | मतदाताको पहिलो नामावली प्रकाशन | | |
| २ | मतदाता नामावली उपर दावी विरोध | | |
| ३ | मतदाताको अन्तिम नामावली प्रकाशन | | |
| ४ | उम्मेदवारको दरखास्त | | |
| ५ | उम्मेदवारको पहिलो नामावली प्रकाशन | | |
| ६ | उम्मेदवार उपरको दावी विरोध | | |
| ७ | दावी विरोध उपर छानविन | | |
| ८ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | | |
| ९ | प्रचार प्रसार कार्यक्रम | | |
| १० | मतदान प्रारम्भ | | |
| ११ | मतगणना प्रारम्भ | | |
| १२ | निर्वाचन परिणामको घोषणा | | |

.................................

निर्वाचन अधिकृत

---

## अनुसूची - २

### मतदाता नामावली

(निर्देशिकाको दफा ५(क) सँग सम्बन्धित)

वागमति अञ्चल भक्तपुर जिल्ला सुर्यविनायक न.पा.वडा नं ५ स्थित भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को निर्वाचन प्रयोजनको लागि प्रकाशित मतदाता नामावली

| म.क्र.स.नं. | स.नं. | मतदाता प्रतिनिधिको नाम थर | प्रतिनिधि संस्थाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

मिति:

स्थानः–

...................................

निर्वाचन अधिकृत

## अनुसूची -३

## मतदाता नामावली प्रकाशित गरेको मुचुल्का

(निर्देशिकाको दफा ५(क) सँग सम्बन्धित)

मिति ................ मा हुने भक्तपुर जिल्ला सुर्यविनायक न.पा. वडा नं.५ स्थित भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको पदाधिकारीहरुको निर्वाचनको लागि भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ अन्तर्गतका मतदाता नामावली मिति ...........................का दिन हाम्रो रोहवरमा .......................ठाउँमा टाँसेको ठीक साँचो हो ।

**रोहवरको सही**

१. ...............................
२. ...............................
३. ...............................
३. ...............................
४. ..............................

नामावली टाँस गर्नेको सही ...........
मिति.....................................

## अनुसूची -४

### उम्मेदवारको दरखास्त

(निर्देशिकाको दफा ६(क) सँग सम्बन्धित)

श्री निर्वाचन अधिकृत मिति :
निर्वाचन उपसमिति,
भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. ।

विषयः उम्मेदवारी दर्ता गरि दिने ।

भक्तपुर बचत तथा ऋण सहकारी संघ लि.को सञ्चालक/लेखा सुपरिवेक्षण समितिको ................... पदमा निर्वाचित भई संस्थाको सेवा गर्ने इच्छा भएकोले मिति ...................मा सम्पन्न हुने निर्वाचनमा उम्मेदवार बन्न यो दरखास्त पेश गरेको छु । म अन्य सहकारी संघको संचालक र लेखा सुपरिवेक्षण समितिको पदमा कार्यरत नरहेको, यस संघमा सदस्य भई निरन्तर रुपमा मिति......................देखी सदस्य भई हालसम्म संघको नीति कार्यक्रम अनुसार सदस्यको जिम्मेवारी वहन गरेको, संस्थाको भाखा नाघेको साँवा व्याज भुक्तान गर्न र म्याद भुक्तान भएका बुझाउन बााकी कुनै रकम नरहेको, बैंक तथा वित्तिय कारोवारमा कालो सूचीमा नाम नपरेको र सहकारीको प्रचलित कानुन तथा सहकारीका विश्वव्यापी मान्यता प्राप्त मूल्य र सिद्धान्तका वारेमा म जानकार रहेको हादा मेरो उम्मेदवारी स्वीकृत हुन समेत अनुरोध गर्दछु । सहकारी ऐन, नियम सहकारी विभागबाट जारी मापदण्ड र संघको विनियम विपरित मेरो उम्मेदवारी भएमा सोही बमोजिम उम्मेदवारी खारेज भएमा मेरो कुनै आपत्ति छैन ।

**निवेदक**
दस्तखतः
उम्मेदवारको नाम थर :
ठेगाना र सम्पर्क फोन नम्बर :
मतदाता क्रम संख्या :

**प्रस्तावक**
दस्तखतः
प्रस्तावकको नाम थर :
मतदाता क्रम संख्या :

**समर्थक**
दस्तखतः
समर्थकको नाम थर :
मतदाता क्रम संख्या :

---

यो दरखास्तपत्र मिति............ का दिन ........ बजे श्री................. ले मेरो समक्ष प्रस्तुत गर्नु भएको ब्यहोरा प्रमाणित गर्दछु ।

दस्तखत : ............................
निर्वाचन अधिकृत

## अनुसूची - ५

## उम्मेदवारहरुको नामावली सूची

(निर्देशिका दफा ६(ग) सँग सम्बन्धित)

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को संचालक समिति/लेखा सुपरिवेक्षण समितिको निर्वाचनका लागि मिति ..................... मा हुने निर्वाचनमा उम्मेदवार हुन निम्नलिखित व्यक्तिहरुले दरखास्त दिनु भएकोले सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| सि.नं. | उम्मेदवारको नाम थर | पद | प्रतिनिधित्व संस्थाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

मितिः–

............................

निर्वाचन अधिकृत

---

## अनुसूची - ६

## मतपत्र

(निर्देशिकाको दफा ८ सँग सम्बन्धित)

| क्र.सं. | उम्मेदवारको नाम | पद | मत संकेत |
|---|---|---|---|
| पद अध्यक्ष | | | |
| १. | | | |
| २. | | | |
| पद : उपाध्यक्ष | | | |
| १. | | | |
| २. | | | |
| पद : सचिव | | | |
| १. | | | |
| २. | | | |
| पद : कोषाध्यक्ष | | | |
| १. | | | |
| २. | | | |
| पद : सदस्य | | | |
| १. | | | |
| २. | | | |
| पदः लेखा समिति संयोजक | | | |
| १. | | | |
| २. | | | |
| पद : लेखा समिति सदस्य | | | |
| १ | | | |
| २ | | | |

यस्तै प्रकारले जति जना उम्मेदवार हुन्छन् कोठा थप गर्दै लान सकिनेछ ।

........................

निर्वाचन अधिकृत

## अनुसूची - ७

## मतदान तथा मतगणना प्रतिनिधिको नियुक्ति

(निर्देशिकाको दफा ११ सँग सम्बन्धित)

श्री निर्वाचन अधिकृत
निर्वाचन उपसमिति
भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

भक्तपुर जिल्ला सुर्यविनायक न.पा. ५ स्थित भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को ...................... समितिको अध्यक्ष/उपाध्यक्ष/सचिव/कोषाध्यक्ष/सदस्य प्रतिनिधिको निर्वाचनमा म ................................. ....... उम्मेदवार भएकोले भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को निर्वाचन निर्देशिका बमोजिम तपाई श्री ...................................लाई मेरो मतदान तथा मतगणना प्रतिनिधिको रुपमा नियुक्ति गरेको छ। तपाईले मेरो तर्फबाट उक्त निर्देशिकाको अधिनमा रही निर्वाचन प्रतिनिधिको रुपमा गरेको निर्वाचन सम्बन्धी काम कारवाहीमा मेरो मञ्जुरी छ।

मितिः–
(सही............................)
नाम........................ ...
ठेगाना ........................
उपरोक्त बमोजिम मतदान तथा मतगणना प्रतिनिधि हुन मञ्जुर गर्दछु।

मितिः–
(सही............................)
नाम........................ ...
ठेगाना ........................

**बोधार्थ तथा कार्यार्थ**
श्री निर्वाचन अधिकृतज्यू
भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
सुर्यविनायक ५, भक्तपुर

यो नियुक्तिपत्रको बोधार्थ यस कार्यालयमा मेरो समक्ष दाखिल भएको हो।

मितिः–

सही.............................
निर्वाचन अधिकृत

.

## अनुसूची - ८

## मतदान समाप्त भएको मुचुल्का

(निर्देशिकाको दफा १२(ङ) सँग सम्बन्धित)

भक्तपुर जिल्ला सुर्यविनायक न.पा. वडा नं. ५ स्थित भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. भक्तपुरको संचालक समितिको सदस्य/अध्यक्ष/उपाध्यक्ष/सचिव/कोषाध्यक्ष/सदस्य/लेखा सुपरिवेक्षण समितिको संयोजक/सदस्य पदमा भएको मतदान कार्य ...................बजे मिति...................मा शुरु भई ....................बजे सम्पन्न भएको ठीक साँचो हो ।

**उम्मेदवार वा प्रतिनिधिहरुको सही**

श्री...........................................................................
श्री...........................................................................
श्री...........................................................................
श्री...........................................................................
श्री...........................................................................
श्री...........................................................................

......................
निर्वाचन अधिकृत

---

## अनुसूची - ९

## मतगणना परिणाम मुचुल्का

(निर्देशिकाको दफा १३ सँग सम्बन्धित)

भक्तपुर जिल्ला सुर्यविनायक न.पा.वडा नं. ५ स्थित भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को पदाधिकारीहरुको लागि सम्पन्न भएका निर्वाचनको मतगणना परिणाम अनुसार मतदान भएको जम्मा ................मत मध्ये ..........................मत बदर भएको र ........................सदर मत मध्ये उम्मेदवारहरुले निम्न बमोजिम सदर मत प्राप्त गरेको हुदा सोही बमोजिम घोषणा गरी यो मुचुल्का गरिदियौं ।

| उम्मेदवारको नाम थर | प्राप्त सदर मत | क्रम | विजयी | पराजित |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१. उम्मेदवार ......................को प्रतिनिधि श्री........................................
२. उम्मेदवार ......................को प्रतिनिधि श्री........................................
३. उम्मेदवार ......................को प्रतिनिधि श्री........................................

स्थानः-

मितिः- निर्वाचन अधिकृतः-

## अनुसूची - १०

### प्रमाण-पत्र

(निर्देशिकाको दफा १६ सँग सम्बन्धित)

### भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

भक्तपुर जिल्ला सुर्यविनायक न.पा. वडा नं. ५ स्थित भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का श्री ........................... मिति .................... मा भएको ................. पदको निर्वाचनमा निर्वाचित/निर्विरोध निर्वाचित हुनु भएकोले यो प्रमाण–पत्र प्रदान गरिएको छ।

......................

निर्वाचन अधिकृत

---

## संघले प्रदान गर्ने तालिमहरूको संक्षिप्त परिचय

भक्तपुर जिल्ला वचत तथा ऋण सहकारी संघ लि. समुदायमा आधारित वचत तथा ऋण सहकारी संस्थाहरुद्वारा गठित जिल्लामा एक मात्र बचत तथा ऋण सहकारी संघ हो। यस संघले सदस्य संस्थाहरूमा आबद्ध सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उत्थानमा सहयोग पुर्‍याउदै साकोसहरूलाई दिगो बनाउने लक्ष्य लिएको छ। आफ्नो सदस्य संस्थाहरुको क्षमता अभिबृद्धिमा यो संघ निरन्तर प्रयत्नशील रहेको छ। यस संघले नेपालको साकोस अभियानको लागि अनुकूल वातावरण निर्माणमा पहल कदमी गर्नुको साथै साकोसहरूको क्षमता अभिबृद्धिको लागि वित्तीय तथा गैर वित्तीय सेवाहरू विगतदेखि नै उपलब्ध गराउदै आएको छ। गैर वित्तीय सेवाहरूमध्येमा एक प्रमुख सेवाको रूपमा तालिम तथा शिक्षा सेवा रहेको छ।

### तालिम

संघले साकोसहरूको सञ्चालनमा व्यावसायिकता विकासका लागि समिति, उपसमिति तथा विभिन्न पदका कर्मचारी र सदस्यहरूका लागि विगत एक दशक भन्दा अघिदेखि तालिम शिक्षाका कार्यक्रम सञ्चालन गर्दै आएको छ। जिल्लाभरी साकोसको क्षमता विकासको लागि तालिम/शिक्षा सुलभ तरिकाबाट उपलब्ध गराउने संघको नीति अनुरूप तालिम शिक्षा कार्यक्रमलाई ३ भागमा विभाजन गरिएको छ।

### आधारभूत तालिमः

सहकारी शुरु भएको पहिलो वर्षभित्रै लिन आवश्यक पर्ने तालिमहरू यस समुहमा राखिएको छ।

### मध्यमस्तरीय तालिमः

संस्थाले संस्थागत विकासको गति लिादै गर्दा दुई, तीन वर्षमा वा एक करोड देखि तीन करोडको वासलात भएका साकोसहरुले लिन आवश्यक पर्ने तालिमहरु यस समुहमा राखिएका छन्।

### उच्चस्तरीय तालिमः

संस्था बढ्ने क्रममा तीन करोडभन्दा बढीको वासलात पुगे पछि तथा तीन वर्षभन्दा बढी अवधिको अवस्थाका साकोसहरूका लागि आवश्यक तालिम यस समूहमा राखिएका छन्।

आधारभूत स्तरका तालिम स्थानीय रूपमै उपलब्ध गराउनका लागि संस्थाहरूको क्षमता अभिबृद्धि गराउने, मध्यमस्तरीय र उच्चस्तरीयका तालिमका लागि जिल्ला संघको समन्वयमा तालिमहरु उपलब्ध गराउने लक्ष्य लिएको छ। संघले सशुल्क सञ्चालन गर्ने तालिमहरूलाई क्रमश आधारभूत, मध्यमस्तरीय र उच्चस्तरीय गरी सदस्यको संस्थागत विकासका लागि तालिम सञ्चालन गर्दै जाने सोच राखेको छ।

यस संघले स्वदेशमा सञ्चालन हुने बाहेक अन्तर्राष्ट्रिय स्तरमा अन्य विभिन्न मुलुकमा सञ्चालन हुने तालिम, गोष्ठी, सेमिनार एवं अध्ययन भ्रमणका कार्यक्रमहरूको आयोजना एवं सहभागिता समन्वय गराउदै आएको छ । खास गरी नेफ्स्कून, राष्ट्रिय सहकारी संघ र राष्ट्रिय सहकारी बैंकको आयोजना हुने तालिम कार्यक्रममा उल्लेख्य सहभागिता जनाउदै आएको छ ।

## संघले उपलब्ध गराउने आधारभूत तालिमहरू

**१. आधारभूत सहकारी लेखा तालिम (२ दिने)**
- लेखाको परिचय
- भौचर तयारी तथा खातामा प्रविष्टी
- चार खाता तथा सहायक खाताहरू
- सन्तुलन परीक्षण
- नाफा नोक्सान खाता तथा वासलात तयारी
- व्याज, कर तथा ह्रासकट्टीका हिसाव निकाल्ने तरिकाहरू

**२. सहकारी शिक्षा अभिमुखिकरण तालिम (१ दिने)**
- सहकारीको परिचय
- सहकारी दर्ता तथा संचालन प्रक्रिया

**३. असल बैठक तथा निर्णय लेखन तालिम (१ दिने)**
- बैठकको परिचय, महत्व, उद्देश्य, बैठकको एजेण्डा, बैठक बोलाउने, बैठकमा पद अनुसार बस्ने
- बैठक संचालन विधि, बैठकको आचार सहिता, अध्यक्षको योग्यता, बैठक अभ्यास
- निर्णय लेख्दा ध्यान दिनुपर्ने कुरा, निर्णयका भाषा, शब्द चयन निर्णयमा दस्तखत र पुस्तिकरण

**४. उद्घोषण तालिम (२ दिने )**
- परिचय
- संचारको परिचय, संचारका प्रकार, प्रभावकारी संचार
- उद्घोषणको प्रकार, उद्धोषकमा हुनुपर्ने गुणहरु, दर्शक/श्रोतालाई मन पर्ने कुरा र मन नपर्ने कुरा
- उद्घोषणको खाका
- उद्घोषण अभ्यास, पुष्ठपोषण

**५. वित्तीय परामर्श अभिमुखिकरण तालिम (१ दिने)**
- वित्तिय साक्षरताको परिचय
- वित्तीय लक्ष्य निर्धारण
- बचतको परिचालन

**६. वित्तीय साक्षरता तालिम (२ दिने)**
- वित्तीय साक्षरताको परिचय, महत्व
- वित्तीय लक्ष्य निर्धारण
- पारिवारीक बजेट निर्माण
- बचत
- प्रगतिको बाटो

**७. प्रतिवेदन लेखन तालिम (२ दिने )**
- प्रतिवेदनको परिचय, महत्व र प्रकार
- सहकारीमा प्रस्तुत हुने प्रतिवेदन ढाँचा
- सचिवको प्रतिवेदन
- कोषाध्यक्षको प्रतिवेदन
- लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
- उपसमितिको प्रतिवेदन

**८. प्राथमिक उपचारको परिचय (२ दिने)**
- प्राथमिक उपचारको अवस्था
- प्राथमिक उपचारको महत्व
- प्रथमिक उपचारको विधि
- अभ्यासहरू

**९. बजेट तथा कार्यक्रम अभिमुखिकरण तालिम (१ दिने)**
- बजेटको परिचय, महत्व र प्रकार
- सहकारीमा बजेट तर्जुमाको लागि आवश्यक सामग्री
- बजेट स्रोत तथा उपयोग
- बजेट तर्जुमा अभ्यास

**१०. समय व्यवस्थापन तालिम (१ दिने)**
- समयको परिचय, महत्व
- समय व्यवस्थापनका प्रमुख सिद्धान्तहरू
- समय व्यवस्थापनका व्यवहारिक अभ्यासहरू

**११. संगठन व्यवहार तालिम (१ दिने)**
- संगठनात्मक व्यवहार व्यवस्थापन तालिम
- संगठन, व्यवहार संगठन व्यवहारको परिचय
- संगठन व्यवहार एक प्रणाली
- संगठन व्यवहारका चुनौती तथा अवसरहरू
- संगठन व्यवहार व्यवस्थापन गर्ने तरिका

**१२. व्यक्तित्व विकास तालिम (१ दिने)**
- व्यक्तित्व विकासको परिचय र महत्व, व्यक्तित्वका प्रकार
- व्यक्तित्वमा प्रभाव पार्ने तत्वहरू
- व्यक्तित्व विकासका विधिहरू
- व्यक्तित्व विकासका व्यवहारिक चुनौतीहरू
- व्यक्तित्व विकासको समस्या समाधान

**१३. कार्यालय व्यवस्थापन तालिम (१ दिने)**
- कार्यालय व्यवस्थापनको परिचय तथा महत्व
- कार्यालय व्यवस्थापन गर्ने विधिहरू
- कार्यालय व्यवस्थापनको निरन्तरता

# संघले उपलब्ध गराउने मध्यमस्तरको तालिमहरू

**१. ऋण व्यवस्थापन तालिम (२ दिने )**

- ऋणको परिचय, व्यवस्थापन र विविधिकरण
- ऋण उपसमितिको भुमिका, ऋण नीति
- ऋणका 5C विश्लेषण, अनुगमन, नविकरण र अपलेखन
- ऋणका जोखिमहरू, कारण र प्रभाव
- ऋण असुली प्रक्रिया, भाखा नाघेको ऋणको व्यवस्थापन
- ऋण सुरक्षण कोष र ऋण व्यवस्थापनका अनुपातहरू

**२. साकोसमा नेतृत्व विकास (२ दिने)**

- नेतृत्वको परिचय, महत्व र उद्देश्य
- प्रभावकारी नेतृत्वमा हुनुपर्ने गुणहरू
- सहकारीको संचालन प्रक्रिया
- संचालकमा हुनुपर्ने ज्ञान, सिप र दक्षता
- संस्था संचालनमा समितिको कानुनी दायित्व
- संस्थामा हुन सक्ने सम्भावित दुरुपयोग

**३. संस्थागत विकास तालिम (८ दिने )**

- संस्थागत अवधारण, परिकल्पना, ध्यय र उद्देश्य
- संचालकको काम, कर्तव्य र अधिकार
- संचालकमा हुनुपर्ने गुण, दक्षता र योग्यता
- व्यवस्थापनको काम, कर्तव्य र अधिकार
- साकोसको छवि र यसको प्रभाव
- संचालक र व्यवस्थापनको सम्बन्ध
- संचालक समिति र व्यवस्थापनको मूल्यांकन
- वित्तिय विश्लेषण
- कर्मचारी नीति
- बचत र ऋणको विविधिकरण
- ऋण नीति
- सम्पत्ति दायित्व व्यवस्थापन
- सहकारी संस्थामा कानुनी उत्तरदायित्व
- रणनीतिक योजना

- सुशासन र सम्भावित दुरुपयोग

**४. व्यवसायिक योजना (१ दिने)**

- योजनाको परिचय र महत्व
- संस्थाको परिकल्पना, ध्येय र उद्देश्यको पुनरावलोकन
- संस्थाको आवाकस (स्वट) विश्लेषण
- संस्थाको रणनीति योजना तर्जुमा

**५. पर्ल्स अनुगमन तालिम (२ दिने)**

- पर्ल्सको परिचय, महत्व
- पर्ल्सको सुचांकको परिचय
- सुचांक निकाल्ने तरिका
- सुचांक विश्लेषण
- योजना तर्जुमा

**६. उद्यमशिलता विकास तालिम (६ दिने)**

- परिचय, कार्यक्रम तथा आशा/अपेक्षा संकलन
- व्यवसाय व्यवस्थापन अभ्यास
- बजार बजारीकरण
- बजारिकरणको संमिश्रण
- बजारीकरणका रणनीति
- विक्रयकलाको अवधारणा
- असल विक्रेताका गुणहरू
- ग्राहकका किसिम र उनीहरूसंग व्यवहार गर्ने तरिका
- प्रतिस्पर्धा र समन्वय अभ्यास
- लेखापालनको अवधारणा नगदी खाता
- विक्री खाता
- खरिद तथा खर्च खाता
- साहु र असामी खाता
- नाफा/नोक्सान विवरण
- वासलात
- स्थायी लेखा नम्बरको परिचय

**७. नक्कली नोट र दस्तखत प्रमाणिकरण तालिम (२ दिने)**

- परिचय, कार्यक्रम तथा आशा/अपेक्षा संकलन
- दस्तखत र औठा छाप प्रमाणिकरण
- कागजात प्रमाणिकरण
- नक्कली नोटको प्रमाणिकरण

# संघले उपलब्ध गराउने उच्चस्तरको तालिमहरु

### १. उच्चस्तरको लेखा तालिम (३ दिने)

- परिचय कार्यक्रम तथा आशा अपेक्षा संकलन
- समायोजन अगाडीको सन्तुलन, समायोजन गर्नुपर्ने भौचर
- दिनुपर्ने हिसाब, पाउनु पर्ने हिसाब, ह्रास कट्टी र करका भौचर
- समायोजन पछिको सन्तुलन परिक्षण
- वित्तीय विवरणको परिचय
- वित्तीय विवरण तयारी अभ्यास
- सहकारीमा करदाखिला प्रणाली (डे ३ र ETDS र अनुमानित विवरण )
- डे ३ भर्ने तरिका अभ्यास
- ETDS र अुमानित विवरण भर्ने अभ्यास

### 2. Advance MS Excel Training (24 Hours)

- Getting Started with Microsoft Excel 2013
- Customizing the Excel Environment
- Navigation & Short cut keys
- Performing Calculations in an Excel Worksheet.
- Absolute/relative addressing and Ranges
- Modifying a Worksheet
- Formatting data and Spreadsheets, Views and Printing
- Managing Large Workbooks and Working with Multiple Workbooks
- Analyzing Data with Conditional Formatting
- Organizing and Analyzing Datasets and Tables and Exploring Excel's Database Features
- Analyzing Data with PivotTables, Slicers, and Pivot Charts
- Auditing Worksheets
- Calculating Formulas across Worksheets
- Exporting and Importing Data
- Working with Data Analysis Tools
- Presenting Your Data Visually using Advance Chart
- Advance Formula and Functions
- Logical Functions (IF, AND, OR)
- Lookup and Reference Functions (VLOOKUP, HLOOKUP, MATCH, HYPERLINK etc)
- Power Functions (SUMIF, AVERAGEIF, COUNTIF)
- Statistical Functions (MAX, MIN, AVERAGE, SMALL, LARGE,, COUNT, COUNTA, COUNTBLANK, RANK)
- Time & Date Functions (DATE, NOW, FUTURE, YEAR, MONTH, DAY, TIME, TODAY, etc)
- Math Functions ( ROUNDDOWN, ROUND, ROUNDUP, SUM etc)
- Text Functions (LEFT, RIGHT, FIND, REPLACE, MID, EXACT, UPPER, LOWER, PROPER, TRIM)

### ३. ऋण उपसमिति /अधिकृतको क्षमता अभिबृद्धि तालिम (३ दिने)

- ऋण सम्बन्धमा साकोसका संचालक समिति, ऋण उपसमिति, कर्मचारीको भुमिका
- साकोसको जिम्मेवार लगानीका विषयहरु
- साकोसको ऋण नीति तथा 5C
- ऋण असुली, लगानी प्रक्रिया तथा अभिलेखीकरण
- ऋणीको विश्लेषण गर्ने तरिका
- वित्तीय मार्ग चित्रको विकास

### ४. व्यवस्थापकको क्षमता अभिवृद्धि तालिम (५ दिने)

- बजारमा साकोसको छवि
- व्यवस्थापकको काम, कर्तव्य र अधिकार
- रणनीतिक योजना
- सदस्यको विश्वासिलो सल्लाहकारको रुपमा साकोसले खेल्नुपर्ने भुमिका
- सदस्य व्यवस्थापन
- मानव स्रोत संसाधन व्यवस्थापन
- जोखिम व्यवस्थापन
- सहकारीमा सुशासन
- कानुनी उत्तरदायित्व र व्यवस्थापकको भुमिका

### ५. संचालक समितिको क्षमता अभिवृद्धि तालिम (४ दिने)

- बजारमा साकोसको छवि
- संचालक समितिको कार्यहरू, प्रमुख कर्तव्य र जिम्मेवारीहरू
- संचालक समिति, यसको दक्षता र प्रभावकारीता
- कार्यकारीहरुको प्रमुख जिम्मेवारीहरू, संचालक समितिले व्यवस्थापकबाट के चाहन्छ
- बजार तथा सदस्यहरूको आवश्यकता पहिचान
- साकोसमा सदस्य सेवाहरूको विकास
- ऋण प्रशासन तथा तथा लगानीमा संचालक समितिको जिम्मेवारी
- लगानीका जोखिमहरू, कारणहरू र प्रभाव
- रणनीतिक योजना प्रकृया
- कानुनी उत्तरदायित्व र संचालक समितिका जिम्मेवारी
- शुशासनका अवधारणा र ढाँचा, सम्भावित दुरुपयोगहरू
- वित्त विश्लेषण र व्यवस्थापन
- मानव संसाधन व्यवस्थापन
- संचालक समितिको परिक्षण र विकास

नोट...